# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष ४ अङ्क ३ पूर्णाङ्क १४८ | २०७६ साउन ६ गते सोमबार | Monday, 22 July, 2019 | पृष्ठ ८ | मूल्य रु. १०|-


## विप्लव नेकपाका नेता माइला लामा पक्राउ



काठमाडौं । प्रतिबन्धित नेकपा (विप्लव)लाई अर्को धक्का लागेको छ। पार्टीका प्रभावशाली युवा नेता तथा उपत्यका ब्यूरो इन्चार्ज माइला लामालाई प्रहरीले पक्राउ गरेको छ । उच्च प्रहरी स्रोतका अनुसार विशेष सूचनाको आधारमा काठमाडौंको काँडाघारीबाट उनलाई प्रहरीले आइतबार मध्यराती पक्राउ गरेको हो ।

महानगरीय अपराध महाशाखाका प्रमुख (एसएसपी) सहकुल थापाले लामा पक्राउ परेको ...बाँकी ७ पेजमा

## काठमाडौंलगायत चितवन, गोरखा र पोखरामा श्रद्धाञ्जलीसभा सम्पन्न

# 'कमरेड श्रीनाथ अधिकारीको निधन पार्टी र क्रान्तिमा ठूलो क्षति'



### क्रान्तिकारी माओवादी मध्यब्यूरोद्वारा श्रद्धाञ्जली व्यक्त

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) मध्यब्यूरोले पार्टीका पीवीएम नेता श्रीनाथ अधिकारी (क.श्याम)को निधन भएकोमा शोक वक्तव्य जारी गर्दै शोकाकूल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गऱ्यो । पार्टीका मध्यब्यूरो इन्चार्ज गौरवको हस्ताक्षरमा जारी शोक वक्तव्यमा कमरेड श्यामको निधनबाट पैदा भएको शोकलाई शक्तिमा बदल्ने प्रयासमा अगाडि बढ्ने छौं भन्दै उहाँको आदर्श, क्रान्तिकारी विचार र व्यवहारले उहाँले अंगीकार गरेको बाटोमा अग्रसर भइरहन प्रेरिरत गरिरहने उल्लेख गरिएको छ ।

वक्तव्यमा भनिएको छ, "हाम्रो गौरवशाली पार्टी, नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का पोलिटब्यूरो सदस्य क. श्रीनाथ अधिकारी (श्याम)को गत असार २२ गते राति असामयिक निधन भएकोमा हामी शोकाकुल भएका छौं । वहाँ लामो समयदेखि प्राणघातक रोग क्यान्सरबाट पीडित हुनुहुन्थ्यो । हाम्रो पार्टी, वहाँका परिवारजन, चिकित्सक र शुभचिन्तकहरूको वहाँको जीवन बचाउने भगिरथ प्रयास पनि सफल ...बाँकी ७ पेजमा

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले पार्टीका पीवीएम श्रीनाथ अधिकारी 'श्याम'को निधनले पार्टी, परिवारजन र शुभचिन्तक मित्रहरूसहित सबैलाई अत्यन्तै मर्माहत, स्तब्ध र चिन्तित बनाएको भन्दै नेपाली कम्युनिस्ट आन्दोलन र क्रान्तिमा ठूलो क्षति हुन पुगेको जनाएको छ। पार्टी महासचिव मोहन वैद्य'किरण'ले २३ असारमा जारी गरिएको श्रद्धाञ्जली वक्तव्यमा दिवंगत नेता श्रीनाथ अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरिएको छ ।

श्रद्धाञ्जली वक्तव्यमा भनिएको छ, "२०७६ असार २२ गते बेलुकी हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का केन्द्रीय ...बाँकी ७ पेजमा

### चितवन, गोरखा र पोखरामा श्रद्धाञ्जलीसभा सम्पन्न

चितवन । नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय समितिको आयोजनामा २८ असारमा चितवनको पृथ्वीनागर, बरौजीमा पार्टीका दिवंगत नेता तथा ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीमा दर्जनौं प्रवेश

पोखरा । मजदुर तथा व्यवसायी सुकबहादुर सिंजालीको नेतृत्वमा दर्जनौ क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् । आइतबार भएको एक कार्यक्रमका बीच क्रान्तिकारी माओवादी पार्टीको कार्यालयमा उनीहरू प्रवेश गरेका हुन् ।

उनीहरूलाई पार्टीका स्थायी समिति सदस्य गौरवले अवीर तथा खादा लगाएर पार्टी प्रवेश गराए । पार्टीका कास्की इन्चार्ज रामजी थापाले सञ्चालन गरेको कार्यक्रममा उनीहरूलाई देजमोको सदस्यतासमेत वितरण गरिएको बुझिएको छ । उक्त प्रवेश कार्यक्रममा पार्टीका गण्डक प्रदेश सेक्रेटरी तथा इन्चार्ज अटल, नेता केशबहादुर परियार लगायतका नेताहरूको समेत उपस्थिति रहेको थियो ।

## अखिल क्रान्तिकारीद्वारा क्याम्पसमा तालाबन्दी

कैलाली । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीले दुर्गा लक्ष्मी बहुमुखी क्याम्पसको प्रशासनमा तालाबन्दी गरेको छ । सुदूरपश्चिमाञ्चल विश्व विद्यालयका आङ्गिक दुर्गा लक्ष्मी बहुमुखी क्याम्पसले शुल्क बृद्धिको निर्णय फिर्ता लिन ७२ घण्टे अल्टिमेटम दिंदा समेत क्याम्पस प्रशासनले बेवास्ता गरेकोले तालाबन्दी गर्न बाध्य हुनु परेको क्रान्तिकारी कैलाली जिल्ला अध्यक्ष पुष्पराज जोशीले जानकारी दिए ।

कैलालीको अत्तरियामा रहेको दुर्गा लक्ष्मी बहुमुखी क्याम्पससहित अन्य क्याम्पसमा बृद्धि गरिएको शुल्क फिर्ता लिन ७२ घण्टे अल्टिमेटम ...बाँकी ४ पेजमा

## देजमो ३ नं. प्रदेशले गऱ्यो ऱ्यालीसहित विरोध प्रदर्शन



● कुमार भट्टराई

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ३ नं. प्रदेशले विषादीयुक्त तरकारी, लोकसेवा आयोगको समावेशीकरण र बाढीपहिरो पीडितहरूलाई तत्काल उद्दार लगायतका विषयमा विरोध प्रदर्शन गरेको छ । वर्तमान ओली सरकारले भारत लगायतका देशबाट भित्रिने विषादीयुक्त तरकारीमा विषादी परीक्षण नगर्ने भनी गरिएको निर्णय राष्ट्रघाती रहेको भन्दै मोर्चाले विरोध गर्दै आएको थियो । त्यसैगरी भुकम्प पीडितहरूको उद्धार र राहतमा सरकारले उदासिनता देखाएको भन्दै मोर्चाले विरोध जनाएको छ भने संविधानकै बर्खिलाप हुने गरी लोकसेवा आयोगलाई गैरसमावेशीकरण गर्ने गरी जारी भएको विज्ञापन खारेजीको समेत माग गर्दै मोर्चाले विरोध गरेको छ । मोर्चाले सडकमा उत्रिएर सरकारको राष्ट्रघाती तथा जनघाती निर्णयहरूको विरोध गरेको हो । ...बाँकी ७ पेजमा

# फेरि भारी बर्षाको सम्भावना, बाढी, पहिरो र डुबानमा परी ८३ जनाको मृत्यु

## ३५ जना बेपत्ता, ४१ जना घाइते, हजारौं विस्थापित, राहत र क्षतिपूर्तिको माग

### भारतीय बाँधका कारण मधेशमा डुबान : क्रान्तिकारी माओवादी

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले अविरल बर्षाका कारण जनताले ठूलो विपद्को सामना गरिरहनु परेको भन्दै वक्तव्य जारी गरेको छ । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले जारी गरेको वक्तव्यमा दशगजा क्षेत्रमा भारतले बनाएको पक्की सडक र बाँधका कारण मधेस डुबानमा परेको भन्दै भारतीय विस्तारवादको कडा विरोध गरिएको छ र सरकारलाई त्यस प्रकारका सडक तथा बाँधहरूबाट भइरहेको अवरोध हटाउन र त्यसबारे आवश्यक तथा उपयुक्त कदम चाल्न सरकारसित जोडदार माग गरिएको छ ।

वक्तव्यमा विपद्मा परी ज्यान गुमाउन पुगेका मानिसहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त ...बाँकी ७ पेजमा

### पीडितलाई उचित क्षतिपूर्ति दिन देजमोको जोडदार माग

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) को क्रान्तिकारी संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले एक वक्तव्य जारी गरी बाढी-पहिरो-डुबानमा परी ज्यान गुमाउन पुगेका जनसमुदायहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्नुका साथै पीडितहरूलाई क्षतिपूर्ति दिन सरकार सित जोडदार माग गरेको छ। साथै, मोर्चाले विपतको घटनामा जनतालाई आवश्यक सहयोग पुऱ्याउनका निम्ति संगठनका सबै तहका नेता कार्यकर्ताहरूलाई अनुरोध समेत गरेको छ । मोर्चाका अध्यक्ष सीपी गजुरेलले २९ असारमा एक वक्तव्य जारी गरी यस्तो अनुरोध गरेका हुन् ।

वक्तव्यमा भनिएको छ, "केही दिनयता भइरहेको अविरल वर्षाले राजधानी काठमाडौंलगायत देशका विभिन्न भागहरूमा ...बाँकी ७ पेजमा

काठमाडौं । ठूलो वर्षा गराउने मौसमी प्रणाली मनसुन न्यून चापीय रेखा भारतबाट नेपालतर्फ नजिकिँदै गरेकाले वर्षाको मात्रा पुनः बढ्ने क्रममा रहेको मौसमविद्ले बताएका छन् ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल नेपालदेखि दक्षिण रहेको न्यून चापीय रेखा बिस्तारै उत्तर आउने क्रममा छ । त्यसैकारण नेपालमा मौसम बदली र वर्षा हुने क्रम क्रमशः बढ्दै गएको छ ।

देशको पूर्वी क्षेत्रका केही स्थानमा बिहानैदेखि मेघगर्जनसहित वर्षा भइरहेको र दिउँसो अन्य स्थानमा पनि पानी पर्ने सम्भावना रहेको उनले जानकारी दिइन् ।

सोमबारबाट यो क्रम अझ बढ्ने मौसमविद्हरूको अनुमान छ । किनभने सोमबार राति न्यून चापीय रेखा नेपाल नजिकै आइपुग्ने र मंगलबार बिहान नेपाल भित्रिने संकेत देखिएको छ ।

यसैबीच, गत हप्ताको अविरल वर्षाका कारण देशका विभिन्न भागमा आएको बाढी, पहिरो र डुबानमा परी ८३ जनाको मृत्यु भएको छ भने ३५ जना बेपत्ता र ४१ जना घाइते भएका थिए । र, हजारौं परिवार विस्थापित हुन पुगेका छन् ।

## बालुवाटारमा असुरक्षित भए सैन्य मुख्यालयमा डेरा सार्न ओलीलाई नेता गजुरेलको सुझाव

काठमाडौं । एक अन्तर्क्रिया कार्यक्रममा बोल्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले प्रधानमन्त्री ओलीलाई बालुवाटारमा असुरक्षितभएसैनिकमुख्यालय भद्रकालीमा डेरा सार्न सुझाव दिएका छन् । अध्यक्ष गजुरेलले भने, 'बालुवाटारको हेडक्वार्टरमा असुरक्षित भए ओलीजी भद्रकालीमा रहेको मिलिटरी हेडक्वार्टरमा गएर बसे हुन्छ । तर, पार्टीमाथि प्रतिबन्ध लगाउने काम गर्नुहुँदैन । यो गलत छ ।'

अध्यक्ष गजुरेलले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारविरुद्ध अर्को सशक्त जनआन्दोलन गर्नुपर्ने बेला आइसकेको पनि बताए । पुष्पलाल अध्ययन समाज, जनसमाजवादी पार्टी, नेपाल र राष्ट्रिय जागरण परिषद, नेपालले ...बाँकी ७ पेजमा



## डब्बल नेकपा लम्पसारवादी नेताहरूको मञ्च

नेपाल इतिहासदेखि वर्तमानको ओली सरकारसम्म कतै लम्पसारवादीहरूले बारम्बार शासन गर्दै आएको देश त होइन भन्ने प्रश्न आम नेपालीहरूको दिमागमा उठने अवस्था आएको छ, खासगरी २०६२/०६३को परिवर्तनपछि यो झन नेपाली आम जनसाधरणहरूले नांगा आंखैले देख्न सक्ने अवस्थामा परिवर्तन भएको छ । राजाको पालामा के कति र कस्ता लम्पसारवादी काम भए ती त इतिहासकै गर्भभित्र लुकेर भरखर भरखरै बाहिर आउदै छन् । सुर्यबहादुर थापा त त्यति बेलाकै बदनाम लम्पसारवादी पञ्च थिए र उनी कैयौ राष्ट्रवादी कम्युनिस्टहरूको हत्यामा प्रधानमन्त्रीका रूपमा बदनाम थिए ।

*हुन त वर्तमान नेपाल र नेपाली जनताको नजरमा प्रधानमन्त्री के.पी.ओलीको राजनीतिक इतिहासको सन १९९६को वर्ष एउटा अन्धकारमय वर्ष बनेको थियो । सन १९९६को वर्ष, जुन वर्ष नेपाल र भारतबीच सम्पन्न महाकाली सन्धी, जसलाई नेपालका लागि एउटा राष्ट्रघाती सन्धि थियो, ओलीकै सक्रियता र पहलमा सम्पन्न गरिएको थियो जुन बेला नेपालमा नेपाली कांग्रेसको सरकार थियो*



● हुकुमबहादुर सिंह ●

हुन त वर्तमान नेपाल र नेपाली जनताको नजरमा प्रधानमन्त्री के.पी.ओलीको राजनीतिक इतिहासको सन १९९६को वर्ष एउटा अन्धकारमय वर्ष बनेको थियो । सन १९९६को वर्ष, जुन वर्ष नेपाल र भारतबिच सम्पन्न महाकाली सन्धी, जसलाई नेपालका लागि एउटा राष्ट्रघाती सन्धी थियो, ओलीकै सक्रियता र पहलमा सम्पन्न गरिएको थियो जुन बेला नेपालमा नेपाली कांग्रेसको सरकार थियो । नेपाली कांग्रेसका ...बाँकी ७ पेजमा

## सम्पादकीय

# विपद् व्यवस्थापनप्रति सरकार उदासिन

प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार गत हप्ता परेको अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो र डुबानबाट मृत्यु हुनेको संख्या ८३ पुगेको छ । ३५ जना बेपत्ता भएका छन् भने ४१ जना घाइते भएका छन् । हजारौं परिवारहरू आफ्नो थातथलोबाट विस्थापित हुन पुगेका छन् ।

पीडितहरूको समयमै उद्धार नहुँदा क्षतिको संख्या बढेको, राहत र क्षतिपूर्तिप्रति सरकार उदासिन रहेको जनगुनासो बढिरहेको छ र त्यस सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले समेत एक वक्तव्य जारी गरी सरकारको ध्यान समेत आकृष्ट गरिसकेको छ भने नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायतका राजनीतिक पार्टीहरूले पनि वक्तव्य जारी गरी पीडितहरूलाई राहत र क्षतिपूर्तिका लागि सरकारसँग जोडदार माग समेत गरेका छन् । तर सरकारी निकायहरूले भने विपद् व्यवस्थापनमा प्रभावकारी कार्यसम्पादन गर्न सकेका छैनन् ।

विपद् व्यवस्थापनको नाममा खर्बौं बजेट खर्च गरिए पनि सरकारले प्रभावकारी संयन्त्र निर्माण गर्न सकेको छैन । स्थितिको पूर्व जानकारी तथा आँकलन हुँदाहुँदै पनि सरकारले विपद् व्यवस्थापनमा सक्रियता, गतिशिलता तथा चुस्तता देखाउन सकेन । फलतः प्रत्येक वर्ष यो मौसममा नागरिकहरूले अकाल मृत्यु व्यहोर्नु परिरहेको छ र कष्टसाध्य जीवन बाँच्न बाध्य हुनु परेको छ । पीडित जनताको लागि सरकार हुनु र नहुनु बराबर भएको छ । सरकारले नागरिकहरूको जनधनको सुरक्षाप्रति संवेदनशिलता देखाउन सकिरहेको छैन ।

जुन गत शुक्रबारदेखि परेको अविरल बर्षाका कारण आएको बाढी, पहिरो र डुबानका कारण सरकारले पूर्वतयारी, उद्धार र राहतको कामलाई प्रभावकारी रूपमा गर्न सकेन । उद्धार र राहतका लागि स्थानीय निकायहरूलाई परिचालन गर्ने सरकारले भने पनि ती संयन्त्रहरूले जिम्मेवार र जवाफदेही रूपमा काम गरिरहेका छैनन् । र, पीडितहरू झन् पीडित बन्नु परिरहेको छ । मौसमविद्हरूका अनुसार फेरि पनि भारी बर्षा हुने स्थितिमा विपद् व्यवस्थापनमा सरकार गम्भीर र संवेदनशील बन्नुपर्ने देखिएको छ । पहाडमा बाढी, पहिरो र तराई मधेसमा डुबानको समस्या नागरिकले बर्षौंदेखि झेल्दै आएका छन् । पहाडी क्षेत्रको भौगर्भिक स्थितिको अध्ययन, भूक्षय तथा पहिरो जाने स्थानहरूको पहिचान, नदी किनारका बस्तीहरूको व्यवस्थापनमा सरकारले एकातिर ठोस कदम चाल्न सकेको छैन भने अर्कोतिर दक्षिणी नेपालको सीमानामा भारतले एकतर्फी रूपमा बनाएको पक्की सडक, नदीहरूमा बाँधिएको बाँध र ठूला नदीहरूमा गरिएको ढोका बन्दका कारण मधेशमा हजारौं नागरिक बर्षेनी विस्थापित हुनु परेको छ । प्रत्येक वर्ष नागरिकले भारतीय पक्षको यस्तो हस्तक्षेपकारी प्रवृत्तिको खुलेर विरोध तथा प्रतिरोध गर्ने गरेको भए पनि नेपालको सरकारले भारतीय हस्तक्षेपको तथा डुबानको समस्याका बारेमा भारतीय पक्षसँग कुनै छलफल नै गर्ने गरेको छैन । यसपटक पनि रौतहट, सप्तरी, सुनसरी, सिरहा, महोत्तरी, सर्लाही लगायतका जिल्लाहरूमा हजारौं नागरिकहरू डुबानमा परेर आफ्नो थातथलोबाट विस्थापित हुन पुगेका छन् । यसप्रति सरकारले संवेदनशिलता देखाउन सकेको छैन ।

चुरे दोहनका कारण भूक्षय हुँदा खेतीयोग्य जमिनको भन्दा नदीहरूको सहत अग्लिदा बस्तीहरूमा नदी पसेर समेत मधेसमा विपद् निम्तिने गरेको छ । एक अध्ययन अनुसार नेपाल बाढी पहिरोजन्य विपद् जोखिमको दृष्टिमा ३०औं, जलवायु परिवर्तनजन्य विपद् जोखिममा चौथो, भूकम्पीय जोखिमका दृष्टिले ११औं र बहुप्रकोपिय विपद् जोखिमका दृष्टिले २० औं स्थानमा पर्छ । उपत्यकाको हकमा हेर्ने हो भने कोरिडोर सडकका नाममा नदीलाई साँघुरो बनाउने, नदी खोला मिचेर बस्ती आवास गृह बनाउने, अव्यस्थित शहर विस्तार तथा प्लानिङका नाममा निकास विनाका संरचना निर्माण लगायत कारणले पनि डुबानको समस्या बढाएको छ । सरकारले भारतीय दबाब र हस्तक्षेपको डटेर सामना गर्न नसक्दा त्यसको जोखिम नागरिकहरूले उठाउनु परिरहेको छ । नागरिकहरूले सरकारको यो रवैयालाई गैरजिम्मेवार र नालायकीपन भनेर विरोध गरिरहेका छन् । ओली सरकारले जनता र राष्ट्रको सुरक्षामा उदासिनता देखाएको घटनाक्रमले सावित गर्नै लगेको छ । र, जनता वर्तमान सरकारको विकल्प खोज्न बाध्य बन्दै गएका छन् ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# वर्तमान स्थिति र पार्टीका अभिभारा



● पुष्पगोपाल श्रेष्ठ ●

वैज्ञानिक दृष्टिकोण भनेको 'तथ्यको अधारमा सत्य खोज्नु' हो र घमण्डसाथ आफुलाई अचूक ठान्ने र सबैलाई भाषण दिंदै हिंड्ने बानीबाट कहिल्यै कुनै समस्याको टुङ्गो लाग्न सक्दैन । हाम्रो देश माथि आइपरेका विपतिहरू ज्यादै गम्भिर छन्, वैज्ञानिक दृष्टिकोण तथा जिम्मेवारीको भावना लिएर मात्र हाम्रो देशलाई मुक्तिको बाटोतिर लान सकिने छ । सत्य एउटै मात्र छ, र कसैले सत्य फेला पारेको छ वा छैन भन्ने कुरा मनोगत अहंकारमाथि होइन तर वस्तुगत व्यवहारमाथि भर पर्छ । लाखौं करोडौं जनताको क्रान्तिकारी व्यवहार नै सत्यको एक मात्र कसी हो ।

हाम्रो दशकौं लामो क्रान्तिकारी संघर्षको अभिप्राय के हो भने हामी कम्युनिष्टहरूको उद्देश्य चाहिँ नेपाल राष्ट्रको निम्ति नयाँ समाज र नयाँ राष्ट्रिय व्यवस्थाको निर्माण गर्नु हो । त्यस नयाँ राज्य व्यवस्थामा नयाँ राजनीति र नयाँ अर्थ-व्यवस्था मात्र होइन तर नयाँ संस्कृति पनि हुनेछ । अर्को शब्दमा, हामी राजनैतिक रूपले उत्पीडन र आर्थिक रूपले शोषित नेपाललाई राजनैतिक रूपले स्वतन्त्र र आर्थिक रूपले समृद्धिशाली नेपालमा फेर्न मात्र होइन र पूरानो संस्कृतिको प्रभुत्व अन्तरगत अज्ञान र पिछडिएको अवस्थामा रहेको नेपाललाई पनि प्रवुद्ध र प्रगतिशील नेपालमा फेर्न चाहन्छौं । छोटकरिमा, हामी नयाँ नेपालको निर्माण गर्न चाहन्छौं । सांस्कृतिक क्षेत्रको हाम्रो उद्देश्य नयाँ नेपाली राष्ट्रिय संस्कृतिको निर्माण गर्नु हो ।

मार्क्सले भन्नुभएको छ, 'मानिसको चेतनाले उस्को अस्तित्व निर्धारित गर्दैन तर यसको उल्टो मानिसको अस्तित्वले नै उसको चेतनालाई निर्धारित गर्दछ ।' उहाँ यसो पनि भन्नुहुन्छ 'अझसम्म दार्शनिकहरूले विभिन्न किसिमले संसारको बिवेचना मात्र गरेका छन् तर गाँठी कुरा त संसारलाई फेर्नु हो ।' यसरी के कुरा एकदम प्रष्ट छ भने हामीले नष्ट गरेर नयाँ निर्माण गर्न खोजेका नेपालको पुरानो राष्ट्रिय संस्कृतिका प्रतिक्रियावादी तत्वहरू नेपालको पुराना राष्ट्रिय संस्कृति नेपालको नयाँ राजनीति र अर्थ व्यवस्थासँग अभिन्न रूपले गाँसिएको छ । नेपालको पूरानो राजनीति र अर्थ व्यवस्था पूरानो संस्कृतिको जग बनेको छ, त्यसैगरी नयाँ राजनीति र अर्थ-व्यवस्था नयाँ संस्कृतिको जग बन्ने छ ।

इतिहांसले हाम्रो सामु जुन क्रान्तिकारी अभिभारा प्रस्तुत गरेको छ, त्यसको केन्द्रीय तथा मूल चीज जनवादको प्राप्ति हो । तब के जनवादमाथि जोड दिनु गलत हो त ? मलाई लाग्छ त्यसो गर्नु गलत होइन । एउटा महान क्रान्तिको मार्गदर्शनका लागि एउटा महान क्रान्तिकारी पार्टी र अब्बल दर्जाका धेरै कार्यकर्ताहरूको खाँचो पर्छ । लगभग साधेतिन करोड जनसंख्या भएको नेपालमा यदि नेतृत्व एउटा सानो, साँगुरो गूटको हातमा रहन्छ भने र यदि पार्टीका नेता र कार्यकर्ताहरू क्षुद्र बुद्धिका, अदुरदर्शी र अयोग्य छन् भने इतिहासमा अभूतपूर्व हाम्रो महान क्रान्तिलाई पूरा गर्न असंभव हुन्छ ।

त्यसो त पार्टीमा असल नेता र कार्यकर्ताहरू नभएका होइनन् तर त्यसको संख्या पर्याप्त छैन । मुलुक भरी हाम्रा पार्टी-संगठनहरूलाई अरु विस्तारित गर्नुपर्छ र हामीले सचेत रूपमा हजारौं कार्यकर्ताहरू र अब्बल दर्जाका सयौं नेताहरूलाई प्रशिक्षित पार्नुपर्छ । यी कार्यकर्ता नेताहरू मार्क्सवाद लेनिनवाद माओवादमा पोख्त, राजनैतिक दृष्टिले दुरदर्शी, काममा दक्ष, आत्मबलिदानको भावनाले परिपूर्ण, स्वतन्त्र रूपले समस्याहरू हल गर्न समर्थ, कठिनाई आइपर्दा अडिग र राष्ट्र, वर्ग तथा पार्टीको सेवामा समर्पित तथा इमान्दार हुनुपर्छ । यस्ता कार्यकर्ता र नेताहरूमाथि भरोसा राखेर नै पार्टीले आफ्ना सदस्यहरू र आमजनता सित सम्बन्ध स्थापना गर्छ र आमजनतामा उनीहरूको दरो नेतृत्व माथि भरोसा राखेर नै पार्टीले शत्रुलाई पराजित गर्न सक्छ ।

क्रान्तिकारीहरूले भुलेर पनि भुल्न नहुने कुरा भनेको देखिने शत्रु भन्दा नदेखिने शत्रु बढी खतरनाक हुन्छन् अर्थात पार्टीभित्र क्रान्ति विरोधि तत्वहरू लुकिछुपी क्रान्तिकारी भेषमा पार्टीभित्र छिरेर (पसेर) पद र प्रतिस्था ओगति, सैद्धान्तिक ब्याख्या र विश्लेषण र चर्को भाषण छेड्न (गर्न) सिपालु हुन्छन् तर कार्यविधि भने भित्रभित्रै नजानिन्दो पाराले क्रान्तिकारी धारलाई आफुले भ्याएसम्मको जुक्तिलगाई पुरै पायरलाईज बनाउँदै जाने प्रबृत्ति बोकी बसेका त्यस्ता छुपेरुस्तमहरू जोकोही किन नहोस्, त्यस्ता दुसकर्मिहरूलाई समय् छँदै बिना अपवाद छानिछानी निर्मूल पारी पठाउनु नितान्त जरुरी छ, अन्यथा त्यस्ता दुसकर्मिहरूले पार्टीको क्रान्तिकारी अभियान (क्रान्तिकारी संघर्ष) लाई पूर्ववत दुरुघटना नहोहऱ्याउला भन्न सकिन्न । तसर्थ यस मामलामा सच्चा क्रान्तिकारी कम्युनिष्टहरू चनाखो बन्नै पर्छ ।

नेपालको वर्तमान स्थिति पार्टी एकताको भ्रम फिजाई, नक्कली राष्ट्रवादको नाउँमा सोझा सिधा जनताको भोट बटुली, दलाल र नोकरशाही पूँजीपतिवर्गको लगानी र विदेशी प्रतिक्रियावादी शक्तिहरूको आर्शिवादबाट बनेको वर्तमान कम्युनिष्ट नकावधारी सरकारले 'समृद्ध नेपाल सुखी नेपाली'को नारा घन्काएर आज देशमा जनजीवीकाका समस्याहरू जतिल पार्दै महङ्गी, भ्रष्टाचार, कालो बजारी, कमिसनतन्त्र, बिचौलियातन्त्र, भूमाफियातन्त्र र युवा-वेरोजगार जस्ता समस्याले आक्रान्त बन्दै गएको नेपाली समाजमा जनतामाथि कम्मरै भाँच्ने खालको कर लाड्न आफैले निर्माण गरेको संविधानलाई नै रद्दीको टोकरीमा फ्याँकेर जनतामाथि मनपरी ढङ्गले करलाडेर समाजवादको हौवा खडा गरिरहेका छन् र दंगा, फसादको स्थिति सिर्जन गर्न जोरजुलुमले लागि परिरहेका छन् ।

त्यसैगरी, तत्कालीन बृटिस साम्राज्यवादले चिनमा अफिम युद्ध लाडे झैं गरी आतताई भारतीय विस्तारवादले अहिले नेपालमा विषादी युद्ध लाड्न ल्याइ पुऱ्याएको छ । भारतीय विस्तारवादका लाचार छाँया ओली नेतृत्वको वर्तमान सरकारले अत्यन्तै सहज ढङ्गले खुलेयाम जन-हत्याराको रूप धारण गरी भारतीय विस्तारवादको डाडागिरी सामु नतमस्तक बनी घुँडगा टेकेर, भन्सार विन्दुमा गत असार २ देखि क्यारेन्टाईन र जीवनाशक विषाधिको अवशेष अनिवार्य परिक्षण गर्ने नीति कार्यान्वयनलाई खारेज गरी भारतीय विषाधियुक्त तरकारी तथा फलफुल आयातमा खुल्ला गरी निर्वाध रूपले भित्र्याई आम जनतालाई मृत्युको मुखमा धकेल्ने दुःसाहस गर्न पुगेका छन् । यसको घोर विरोध मात्र होइन, यस्तो जनविरोधि व्यवस्थालाई नै ध्वष्ट पारी नयाँ जनवादी व्यवस्था ल्याउन कम्मर कस्नै पर्छ ।

आतताई भारतीय विस्तारवादलाई बारम्बार यसरी खुल्ला रूपले नेपालको राष्ट्रिय स्वाधिनता माथि नाङ्गो हस्तक्षेप गर्न हौसल्याउने आधार स्टम्भ भन्नु नै नेपालमा कायम रही आएको दलाल नोकरशाही पूँजीवादी अर्ध-औपनिवेशिक, नवऔपनिवेशिक तथा अर्ध-समन्ति समाज नै हो । यो व्यवस्था पूर्णतया साम्राज्यवाद, विस्तारवाद र देशी विदेशी प्रतिक्रियावादीहरूको स्वार्थ अनुरूप गठित व्यवस्था हो । तसर्थ यस व्यवस्थालाई भट्काउनु नै पर्छ ।


हामी स्वाभिमान नेपालका नेपाली विरविराङ्गनहरूका वीर सन्तति हौं । हाम्रो सरिरमा संचालन भइरहेको रगतको कनकनमा अहिले पनि राष्ट्रिय स्वाभिमान युक्त रगत संचार (कुदिरहेको) भइरहेका छन् । र आजसम्म हाम्रा वीर पुर्खाले कोही कसैको सामु निमुखाभई सिर निहुराएर आफ्नो जीवन रक्षाको भिख मागेको इतिहांस छैन । बरु यसको उल्टो आफ्नो प्राण भन्दा प्यारो स्वाभिमान नेपाल माथि हैकम जमाउने दुसप्रयासमा लागि आएका जो कोहीलाई पनि मू-टोड जवाफ दिएर धुलोचताई पठाएको जिउँदो इतिहांस छ ।

यस्तो स्वतन्त्र स्वाभिमान नेपालका नेपालीहरू बिच त्यस्ता निरिह दुराचार्य जनहत्यारा देशद्रोहिहरू कहाँबाट कुन दुलोबाट उत्पन्न भएछ ? जस्को कारण आज हाम्रो प्राण भन्दा प्यारो नेपाल राष्ट्र र त्यस गौरवशाली देशका अमर वीरवीरङ्गनहरूको इतिहांसमा धज्जि उदाउने दुसप्रयास स्वरूप, ती आतताई भारतीय विस्तारवादले हाम्रो पुन्ने भूमि नेपालमाथि जवर जस्त विषादि युद्ध लाड्न ल्याउनुलाई, निकम्वा यी आत्मसमर्पणवादीहरूको बाहुल्यता भएको केपी ओली नेतृत्वको वर्तमान सरकारले, नेपालको गौरवशाली विश्व इतिहासमा कालो धब्बा लगाउने जमर्को गरी भारतीय डाडागिरी सामु पुरै उतानो परी राष्ट्रिय स्वाधिनतामाथि जघन्य अपराध गर्न पुगेका छन् । तर, यो कुनै पनि स्वाभिमानि नेपालीको निम्ति मान्य (सैह्य) हुन सक्तैन मात्र होइन, यस अर्थमा प्रत्येक स्वाभिमानि नेपालीले आफ्नो दुवै हातमा दही जमाएर बस्दैनन् र स्वाभिमानी नेपालीहरू इँटको जवाफ पठरले दिन जानेका छन् ।

नेपालको राष्ट्रिय स्वाधिनता र स्वाभिमानि नेपालीहरूको हित विपरित विदेशि साम्राज्यवाद, विस्तारवाद र देशि विदेशी प्रतिक्रियावादीहरूको हितार्थ गठित दलाल पूँजीवादी अर्ध-औपनिवेशिक, नवऔपनिवेशिक तथा अर्ध-सामन्ति समाजलाई पूर्ण रूपले ध्वष्ट पार्नै पर्छ र ध्वष्ट पारी नयाँ जनवादी राज्य-व्यवस्था कायम गर्नु आजको आवश्यक्ता प्रति मध्यनजर राख्दै, नेपालको गरिमामय इतिहांस र स्वाभिमानी, स्वतन्त्रकामी, न्यायप्रेमी नेपाली मात्रको चाहनालाई जीवित राख्न मरिमेट्न तयार नेपालमा असंगठित रूपले छरिएर रहेका आम नेपाली जनसमुदायलाई संगठित गर्नुको सँगै सिंगो नेपालका सबै क्रान्तिकारी पार्टी र देशभक्त नेपालीहरूलाई एकतावद्ध पारी आजको आवश्यक्ता अनुरूप सशस्त्र जनविद्रोह (नयाँ जनवादी क्रान्ति) मा जुझारु ढङ्गले उत्रिन र उतार्न पहल गर्नु प्रासङ्गिक थहर छ मात्र होइन, अपितु, यस कार्यमा दिलोजानले लागेर कामतमाम गर्नु क्रान्तिकारी कम्युनिष्टहरूको दायित्व पनि हो र यो आजको राष्ट्रिय आवश्यक्ता पनि हो ।

२०७६/३/३१
ताहाचल, काठमाडौं

# मार्क्सवादको संरक्षण र विकासको कुरा



कृष्णदास श्रेष्ठ

**मार्क्सवादको संरक्षण गर्नु भन्नाले हामीले के बुझ्नुपर्छ ? के त्यसको अर्थ मार्क्स, एन्जेल्स, लेनिन, स्टालिन र माओले जे जति लेखेका छन् र आ-आफ्नो समय र परिस्थितिको परिप्रेक्ष्यमा जे जस्ता निष्कर्षहरू निकालेका छन्, ती सबैलाई शाश्वत सत्य मानेर ग्रहण गर्नु हो ?**

वर्तमान समयमा कुनै पनि मुलुकका कम्युनिस्ट पार्टी र कम्युनिस्टहरू मार्क्सवादलाई आफ्नो कार्यमा निर्देशक सिद्धान्तको रूपमा मान्ने गर्छन, र त्यही अनुसार उनीहरू त्यसप्रति आफूहरू निष्ठावान रहेको बताउँछन् । सिद्धान्त प्रतिको तिनीहरूको निष्ठा मुख्य रूपमा दुई ढङ्गबाट व्यक्त हुने गरेको पाइन्छ – जडसूत्रवादी ढङ्गबाट र सिर्जनात्मक ढङ्गबाट । यही यथार्थ तथ्यको आधारमा स्टालिनले दुई खालको मार्क्सवाद रहेको बताएका छन् – जडसूत्रीय मार्क्सवाद र सिर्जनात्मक मार्क्सवाद ।


मार्क्सवादप्रति निष्ठा व्यक्त हुने तरिका त्यसप्रतिको दृष्टिकोणसित सम्बन्धित सवाल हो । मार्क्स, लेनिन, माओ आदिबाट धेरै पहिले निकालिएका निष्कर्षहरूलाई शाश्वत सत्यको रूपमा लिनु र ती सदासर्वदा साँचो रहन्छन् भन्ने ठान्नु कदापि मार्क्सवादसम्मत कुरा होइन । मार्क्सवादका समर्थकहरूमध्ये कोही कोहीमा कस्तो प्रवृत्ति देखिएको छ भने वास्तविक सामाजिक प्रक्रियाहरूको अध्ययन र विश्लेषण गर्नुको साटो मार्क्स, लेनिन आदिका भनाइहरूलाई तिनको ऐतिहासिक सन्दर्भबाट अलग पारेर तिनलाई आफ्नो भनाइसित मिल्दो पार्न गलत व्याख्या गरिन्छ । वास्तविक तथ्यहरूको आधारमा सत्यको खोज गर्नुको सट्टामा, सूत्रहरूको मद्दतबाट तर्क गर्नु र मार्क्सवादलाई धार्मिक सूत्रहरूको समाष्टिको रूपमा व्यवहार गर्नु एउटा जडसूत्रवादी तरिका हो । मार्क्स, लेनिनका निष्कर्षहरूलाई ती कुन परिस्थिति र वातावरणको परिप्रेक्षमा निकालिएका हुन् त्यसको बेवास्ता गरिएमा र ती परिवर्तित परिस्थितिमा पनि लागू रहन्छन् भनी सोचिएमा त्यो शुद्ध जडसूत्रवाद हुनेछ । उपरोक्त जडसूत्रवादी तरिका र ती निष्कर्षलाई अभिनिर्देशको (reference) रूपमा प्रयोग गर्ने तरिका एकदमै फरक कुरा हुन् । 'मार्क्सवाद कुनै जडसूत्र होइन "..' भन्ने भनाइले त्यसको मार्क्सवाद-विरोधी रूपलाई स्पष्टसित संकेत गर्दछ, र मार्क्सवादका संस्थापकहरूले त्यसको दृढ रूपमा विरोध गरेका छन् । धेरै पहिले नै मार्क्सले भनेका थिए : "हामी कुनै जडसूत्रवादी झण्डा नउठाऔं भन्ने मेरो प्रस्ताव छ ।' (मार्क्स र एन्जेल्स, 'संकलित रचनाहरू', भाग १, पृष्ठ ४१६)

यहाँ एउटा प्रश्न उठ्दछ : मार्क्सवादको संरक्षण गर्नु भन्नाले हामीले के बुझ्नुपर्छ ? के त्यसको अर्थ मार्क्स, एन्जेल्स, लेनिन, स्टालिन र माओले जे जति लेखेका छन् र आ-आफ्नो समय र परिस्थितिको परिप्रेक्ष्यमा जे जस्ता निष्कर्षहरू निकालेका छन्, ती सबैलाई शाश्वत सत्य मानेर ग्रहण गर्नु हो ? यदि त्यसप्रति निष्ठाको नाउँमा कसैले त्यस गर्छ, त्यो वास्तविक संरक्षण नभएर यान्त्रिक नक्कल वा अन्धविश्वास मात्र हुनेछ ?

तर मार्क्सवादको संरक्षण भन्नाले कुन कुरालाई जनाउँछ ? त्यसको वास्तविक अर्थ मार्क्सवादको सर्वव्यापी सत्यको समर्थन र संरक्षण हो, जुन त्यसका आधारभूत सिद्धान्तहरूमा निहित रहेको छ । ती त्यस्ता सिद्धान्त हुन्, जसलाई हर समयको विद्यमान, ठोस विकासमा

# माओवादी नेता श्रीनाथ अधिकारीले अस्पतालको बेडमा रहँदा दिएको अन्तर्वार्ता

## "आफ्नो व्यक्तिगत जीवनभन्दा क्रान्तिको भविष्यप्रति चिन्ता छ"



❑ श्रीनाथ अधिकारी

***अन्य कमरेडहरू अस्वस्थ्य हुँदा उपचारका लागि कमरेडको पहलकदमी अनुकरणीय हुन्थ्यो । स्वयम् कमरेडले कस्तो सद्भाव सहयोग पाइरहनुभएको छ ?***

हो, मैंले अरु कमरेडहरू अस्वस्थ हुँदा निकट सम्बन्ध र साङ्गठनिक जिम्मेवारीका कारण पनि अभिभावकजस्तो बनेर अस्पतालहरूमा पुऱ्याउने काम गरेको थिएँ । म बिरामी हुँदा पनि साथीहरूबाट सक्दो सहानुभूति र सद्भाव पाइरहेकै छु । मलाई चिन्ने कार्यकता तहदेखि नेतृत्वसम्म सबै भेट्न आउनु भएको छ । चितवनमा पनि भेट्न त्यसरी नै आउनु भएको थियो । सहयोग पनि प्राप्त भएको छ । सरकारका तर्फबाट ५ लाख प्राप्त भएको छ । सबै सकारात्मक छन्, मप्रति सहानुभूति राख्छन् भन्ने पाएँ । म पार्टीको सङ्गठक थिएँ । अहिले राम्रै सङ्गठन बनाएँछु भन्ने लाग्दछ । पार्टी अनेक चिरामा विभक्त भए पनि कसैबाट त्यस्तो समूहगत भेद गरेको देख्दिन । मेरो सहयोग छरिएर रहेको थियो, मैंले एकमुष्ट पाएको अनुभव गरेको छु । आफन्तजनबाट पनि भिन्न विचार राख्ने हुँदा पनि त्यस्तो भेद नगरी आशा गरे भन्दा बढी भेट्न आएको देखेको छु । राजनीतिक रूपमा भने खासै उचित मूल्याङ्कन भएजस्तो लाग्दैन ।

***कम्युनिष्ट आदर्शप्रति प्रतिवद्ध दुई चार जना औंलामा गन्न सकिने व्यक्तिमध्ये तपाईं पनि पर्नुहुन्छ । लामो समय रेस्ट लिंदा अवश्य पनि जीवनका विगतका घटनाहरू स्मरण हुन्छन् होला, तपाईं जस्तो परिवार नै क्रान्तिमा होमिएको व्यक्तिले व्यक्तिगत जीवनका बारेमा भन्दा बढी अवश्य नै क्रान्तिका बारेमा नै मन्थन गर्नुहुन्थ्यो होला, क्रान्तिले विजयको चरणमा प्रवेश गरेपछि आजको स्थिति आउनमा के के कारणहरू हुन् जस्तो लाग्दछ ?***

म आफै आफ्नो मूल्याङ्कन कसरी गरूँ र ? साथीहरूले आफ्ना मूल्याङ्कनमा आदर्श मानिदिनुभएको रहेछ । म साथीहरूका लागि आदर्श बनेको रहेछु । यो मलाई थाहा थिएन । छोरो जेठो पनि सोही राजनीतिमा लागेकाले पनि बढी महत्व रहेको हुनसक्छ । जेठी बुहारी पनि पार्टीमै समर्पित छन् । त्यसले पनि सजिलो भएको हुनुपर्छ । मेरो व्यक्तिगतभन्दा राजनीतिक जीवन प्रधान रह्यो । पढ्दै गर्दा देखि राजनीतिमा प्रवेश गरें । २०३९ सालमा ६ महिना जेलमा परें तर यातना खासै भोग्नु परेन । क्रान्तिकारी आदर्श सुखद् छ तर सुरेश वाग्लेजस्ता नेता कार्यकर्ता गुमाउनु पर्दा अत्यन्त पीडा हुन्छ । त्यो त्याग र बलिदान हुँदा पनि आफ्नो प्रतिवद्धता छोडेर नेतृत्वले धोका दिंदा लथालिङ्ग भयो । अझ समालि नसकिएको अवस्था छ । क्रान्तिकारीहरू छरिएर रहेका छन् । सत्ता र शक्तिमा दक्षिणपन्थी अवसरवादीहरू हावी छन् । त्यसले क्रान्तिको भविष्यप्रति चिन्ता छ । त्यसबेला घर परिवारबारे सोच्ने फुर्सद भएन । स्वास्थ्यका कारण अहिले चिन्तन मनन् गर्न कठिन छ । ६४ वर्ष भएँ, पार्टीको अपेक्षा र जिम्मेवारी अनुसार काम गर्न अब सक्दिन कि भन्ने चिन्ता छ । आफ्नो व्यक्तिगतभन्दा क्रान्तिको भविष्यप्रति चिन्ता छ ।

***कमरेड कहिलेदेखि पूर्णकालीन भएर कम्युनिष्ट पार्टीमा लाग्नुभएको हो ? त्यसभन्दा पहिला के काम गर्नुहुन्थ्यो ?***

मोहन विक्रम सिंहजस्ता नेताहरूका प्रेरणाले २०३६ सालको आन्दोलनमा सक्रिय भएँ । ओभरसीयरको पढाइ सकिए पछि २०३७ सालमा चितवन झरें । २०३९ को चुनावको मुखमा गिरफ्तारीमा परें र ६ महिना जेल परें । जेलबाट निस्केपछि म नेता बन्न पुगें । त्यहाँबाट छुटेपछि मशालको पूर्णकालीन कार्यकता बन्न प्रस्ताव आयो र त्यसपछि निरन्तर प्रतिवद्ध भई काम गरें । वैधानिक मोर्चाबाट २०४८ सालको निर्वाचनमा गोर्खा ३ बाट चुनाब लडेको थिएँ तर हारियो । मैले पार्टीलाई सधैं कम्युनिष्ट विचारअनुसार लैजाने प्रयास गरेको हुँ । पार्टी नयाँ कार्यदिशा अनुसार जान सकेको छैन ।

***इन्जिनियर, सबइन्जिनियरहरूको महत्वाकांक्षा लाखौं होइन करोडौं कमाउनमा बढेको पाइन्छ । त्यही महत्वाकाङ्क्षा पूरा गर्न प्रायः धेरै इन्जिनियर तथा सबइन्जिनियरहरू जीवन बिताउँछन् । तत्कालीन समयमा इन्जिनियर, सबइन्जिनियरहरू औंलामा गन्न सकिने सङ्ख्यामा हुन्थे । तपाईं सबइन्जिनियर पढेको व्यक्ति धन आर्जन गरी सुखसयल गर्ने प्रसस्त सम्भावना हुँदाहुँदै पनि केका प्रेरणाले गर्दा कम्युनिष्ट आन्दोलनमा लाग्नुभयो ?***

मैले ओभरसियर पढ्दा इन्जिनियरको पढाइ थिएन । मेरो पनि पैसा कमाउने, सहरमा राम्रो घरमा बस्ने इच्छा त थियो नै तर पाटनमा बस्दा काइँला बा, नरबहादुर कर्माचार्यहरूसँग सङ्गत भयो । भूमिगत रूपमा त्यस्तो सङ्गत बढ्दै गएपछि ती इच्छा हराउँदै गए र क्रान्ति पहिलो इच्छा बन्न गयो । पढाइ सकेर चितवन झरेपछि पनि कम्युनिष्टहरूसँग नै सङ्गत भयो र सङ्गठित भइयो । सेल र एरिया कमिटीमा काम गरें । मेरा फुपूका छोरा यमुनाप्रसाद न्यौपाने जो अहिले ८४ वर्षको हुनुहुन्छ, गोर्खा बजारको शक्ति मा. वि. मा पढ्दा अखिलको सदस्य हुनुहुन्थ्यो । उहाँको बानी व्यवहारले सबै प्रभावित थिए । हाम्रा समाजमा उहाँलाई आदर्श मानिन्थ्यो । उहाँ कम्युनिष्ट भएकाले सबैले मान्ने हुनुहुन्थ्यो । अमिक शेरचन र डीआर पौडेलले मलाई पार्टी सदस्यताका लागि सिफारिस गर्नुभएको थियो । पछि गोर्खामा सजिलो हुन्छ काम गर्न भनेर म गोर्खातिर लागें । त्यसबेला गोर्खामा कार्यकर्ताको अभाव थियो । रेडबुकहरू पढियो र पेसा छोडेर त्यता लाग्न मार्क्सवादले प्रेरित गऱ्यो ।

त्यसबेला बाचस्पतिहरू विचलित भए पनि तर अहिले त्यो आरोप गर्नु व्यर्थ भो । उहाँ पनि स-परिवार मलाई भेट्न आउनु भयो । क्रमशः पार्टी नेतृत्व गलत व्यक्तिको हातमा पुग्यो । जनताप्रति नेतृत्व तह नै गद्दार भएर गयो र क्रान्ति असफल भएको देखियो । मेरो अझै पनि मालेमावादमा विश्वास छ । त्यसै विचारले विचलनबाट बचाउँछ । मनमा विचलन आए मालेमालाई आदर्श मान्नु भन्न चाहन्छु ।

अहिलेको अवस्थामा क्रान्तिको झन् आवश्यकता बढेर गएको छ । क्रान्तिको झण्डा उठाउन, क्रान्तिको दायित्व पूरा गर्न सबै क्रान्तिकारीहरू एकतावद्ध हुन जरुरी छ । सबै क्रान्तिकारीहरूलाई विगतबाट सिक्न आग्रह गर्दछु ।

***हाल कम्युनिष्ट क्रान्तिमा प्रतिक्रान्ति भएको छ । क्रान्तिलाई पुनर्गठन गर्नु नै हालको कार्यनीति हो । क्रान्तिको पुनर्गठन ठीक तरिकाले भएजस्तो लाग्छ कि लाग्दैन ?***

क्रान्तिलाई पुनर्गठित गरेर लैजाने प्रयास भएको छ तर भइसकेको छैन । मोहन वैद्यजस्ता दार्शनिक व्यक्ति प्रतिक्रान्तिका विरुद्ध अविचलित भएर लाग्नुपर्छ । भूकम्पमा सबै पुरानो संरचना ध्वस्त भएजस्तै अहिले पार्टी पनि भत्किएको छ । त्यसलाई पुनर्गठन गरेर लैजानु अत्यन्त कठिन काम हो । त्यो हुनु पर्दछ । एउटा नेतृत्वले प्रतिक्रान्ति गऱ्यो भन्दैमा सबै विचलित हुनु आवश्यक छैन । धैर्य गरेर लागे पुनर्गठन सम्भव छ । कम्युनिष्टका नाममा भ्रष्ट नेतृत्वले जनयुद्धको आदर्श त्याग्यो तर त्यही प्रतिक्रान्ति नै पनि असफल हुने निश्चित भइसकेको छ । एकीकृत भए क्रान्तिको भविष्य फेरि सुन्दर देखिएको छ । नेतृत्वको अभाव हुनुहुँदैन ।

***कम्युनिष्टहरूको आपसी विवाद भनेको रणनीतिमा होइन, कार्यनीतिमा हुने गरेको छ । अझै पनि माओवादी पार्टीहरू विगत ५०/६० वर्षदेखिका कार्यनीतिमा हिंडिरहेका छन् । कार्यनीतिमा परिवर्तन गर्न आवश्यक छ कि छैन ?***

पार्टी नेतृत्वका लागि बहस हुनु आवश्यक छ । पार्टी कार्यनीतिका कारणले मात्र फुटेको होइन, रणनीतिक विचलन आएको हो । नयाँ जनवादबारे अस्पष्टता थियो । त्यसैले विचलन ल्यायो । रणनीतिक दृढतामा त्रुटी छ, त्यसलाई सच्याउनु आवश्यक छ भन्ने मेरो धारणा छ । त्यसो नभएको भए प्रतिक्रान्ति हुँदैनथ्यो ।

***क्रान्तिले धक्का खाएपछि रुसमा लेनिनले आफू अल्पमतमा पर्छु भन्ने जान्दाजान्दै पनि मेन्सेभिक लगायत विभिन्न जनवादीहरूसँग पार्टी एकता गरेका थिए । यही एकताद्वारा सबै जनवादी पार्टीहरूमा बोल्सेभिक विचारलाई स्थापित गरेका थिए । नेपालमा मार्क्सवाद, लेनिनवाद, माओवाद मान्ने पार्टीहरूबीच पनि किन पार्टी एकता हुन सक्दैन ?***

यो सैद्धान्तिक र अन्तर्राष्ट्रिय विषय पऱ्यो । लेनिनले बोल्सेभिकको नेतृत्व गर्नुभयो र अवसरवादसँग लड्नुभयो । उहाँले मार्क्सवादलाई समृद्ध तुल्याउनु भयो । स्टालिनले लेनिनवाद पक्रेर सङ्गठनलाई सुदृढ गर्नुभयो । हाम्रा देशमा नेतृत्व विफल भयो मालेमावाद पक्रन । लेनिन नभएको भए मार्क्सवाद स्थापित गर्न कठिन पर्दथ्यो । लेनिनले झैं स्तालिनले पनि सिद्धान्त पक्रेर कार्यान्वयन गर्नुभयो । सिद्धान्त ठीकसँग नपक्रेका कारण कार्यान्वयन गलत भो । लेनिनवादका समस्याहरू केलाएर सिद्धान्तको घोषणा लेनिनले गर्नुभएको थियो । पार्टीलाई बोल्सेभीकरण गर्नुभयो । विरोधीहरूले भरसक त्यसलाई पतन गराउने प्रयास नगरेका होइनन् तर लेनिन दृढतापूर्वक लाग्नुभयो र मार्क्सवादलाई कार्यान्वयन गरेरै छाड्नुभयो ।

***क्रान्तिकारी बीच पार्टी एकताको कत्तिको आवश्यकता महसुस गर्नु भएको छ ? पार्टी एकता हुने सम्भावना कत्तिको देख्नुहुन्छ ?***

यसलाई ठोस बनाउन क्रान्तिकारीहरू बीच क्रान्तिकारी एकता चाहिन्छ । स्वार्थीहरूको भीड जम्मा गरेर क्रान्ति हुँदैन । जसले क्रान्तिको चिन्ता गर्छ उसले पहल गर्नुपर्छ । अब पनि नेतृत्व अवसरवादीका हातमा जान दिनु हुँदैन । क्रान्तिकारीले नै त्यसको पहल गर्नुपर्छ । आफैले म क्रान्तिकारी हुँ भन्ने दाबी गरेर हुँदैन, काम पनि गरेर देखाउनु पर्छ । क्रान्तिकारी एकता अब अपरिहार्य भएको छ । ससाना पार्टीमा रहेका क्रान्तिकारीहरू त्यसका लागि उत्सुक छन् तर नेतृत्वको अभाव देखिउको छ । त्यसको २ तरिकाले सम्भावना छ । सचेत प्रयत्न हुनुपर्छ र क्रान्तिकारी एकता गर्न चाहनु पनि पर्छ । एकता सम्भव छ । प्रतिक्रान्तिकारीहरूका नजरमा त्यो स्पष्ट छैन । प्रतिक्रान्ति असफल भएपछि विकल्प के ? त्यसको सम्भावना बढाउनतिर लाग्नुपर्छ ।

*(प्रस्तुत अन्तर्वार्ता वर्गबोध त्रैमासिक वर्ष २ अंक ४ बाट लिइएको हो ।)*

## कमरेड श्रीनाथ अधिकारी 'श्याम'को संक्षिप्त जीवनी

● **अटल**

हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का राजनैतिक विभाग (पोलिट ब्युरो)का सदस्य क. श्रीनाथ अधिकारीको २०७६ असार २२ गते साझ ०८:०२ मिनेट जाँदा अर्बुदजस्तो प्राणघातक रोगको कारण असामयिक रूपमा दुःखद् निधन हुन पुगेको छ । यस दुःखद् घडीमा श्रमजीवी जनता हाम्रो पार्टी र दिवंगत क. श्रीनाथ अधिकारीका शोकसन्तप्त परिवार, इष्टमित्र, आफन्तजन लगायत सम्पूर्ण शुभचिन्तक, समर्थकहरू शोकाकूल हुन पुग्नु भएको छ । यस दुःखद् घडीमा मृतकप्रति शोक व्यक्त गर्ने, हामीप्रति समवेदना प्रकट गर्ने र सहानुभूति व्यक्त गर्ने सबैप्रति हार्दिक आभार प्रकट गर्दै दिवंगत क. श्रीनाथ अधिकारी (श्याम)को संक्षिप्त जीवनी यहाँ प्रस्तुत गरिएको छ ।



क. श्रीनाथ अधिकारीको जन्म २०१२ साउन ९ गते अजिरकोट ३ हंशपुर गोरखा (साविक हंशपुर-१, गोरखा) मा बुवा डालचन्द्र अधिकारी र आमा सरस्वती अधिकारीको दोस्रो सन्तानको रूपमा भएको थियो । उहाँहरू दुई जना दाजुभाई (एकजना भाई) तीन दिदीबहिनी, श्रीमती राधिका अधिकारी, तीनभाई छोराहरू नारायण अधिकारी, उत्तम अधिकारी र उज्वल अधिकारी, तीन बुहारीहरू सुशिला थापा अधिकारी, सरिता अधिकारी, शान्ति शर्मा अधिकारी, दुई छोरीहरू सुशिला (कालिका अधिकारी लामिछाने), सकुन्ता खनाल लगायत नातिनातिना दश जना पनाती एक जना हुनुहुन्छ ।

राजनैतिक जीवन : दिवंगत क. श्रीनाथ अधिकारीको पार्टी सदस्यता २०३४ सालमा डि. आर. पोखरेलको हातबाट लिनुभएको थियो । उहाँले कक्षा ८ सम्म तत्कालीन ज्ञानज्योती निमाविमा अध्ययन गर्नुभयो । ९ र १० अम्मरज्योती मावि लुँइटेल गोरखामा अध्ययन गर्नु भयो । एस.एल.सी २०३० सालमा सोही विद्यालयबाट उतीर्ण गर्नुभयो । सानैदेखि न्याय, समानता र प्रगतिशील धारणा बनाउन भानदाइ यमुना न्यौपानेबाट प्रेरणा मिलेको थियो । २०३७ सालको जनमत संग्रह लगत्तै पूर्णकालीन भएर तत्कालीन चौथो महाधिवेशनबाट सुरुवात गर्नु भयो । एस.एल.सी. २०३० सालमा पास गरेपछि एक वर्ष गाउँमै रहेको स्याउले प्रा.वि. र मुलडाँडा प्रा.वि.मा अध्यापन गराउनु भयो । २०३२ सालबाट पुल्चोक इन्जिनियरिङ कलेजमा अध्ययन गरी ओभरसियर भएर केही महिना चितवन सिंचाई आयोजनामा काम गर्नु भयो । २०३९ बैशाख १ गते गिरफ्तार र सात महिना जेल बस्नु भयो । गिरफ्तारको समयमा श्रीमती सुत्केरी हुनुहुन्थ्यो र कान्छी छोरी २० दिनकी मात्र थिइन । २०४६ पछि केही समय भुमिगत अवस्थाबाट खुला हुनु भयो । २०४८ को संसदीय निर्वाचनमा गोरखा १ बाट संयुक्त जनमोर्चा नेपालको तर्फबाट उम्मेदवार हुनु भयो र थोरै मतान्तरले पराजित हुनुभयो । तत्कालीन नेकपा मशाल हुँदै एकता केन्द्रले जनयुद्धको तयारीको निर्णय गरेपछि विस्तारै भूमिगत अभ्यास गर्दै २०५१ बाट भूमिगत हुनुभयो । २०५२ बाट भूमिगत रूपमै जनयुद्धमा संलग्नता, पार्टीको नाम एकता केन्द्रबाट माओवादी रूपान्तरण गरेपछि २०५५ बाट सिंगै परिवार कुनै न कुनै ढंगले दिवंगत क. श्यामकै प्रेरणा र नेतृत्वमा सहभागी हुनपुग्यो । दिवंगत क. श्याम २०४२ र २०४६ गरी दुई पटक गोरखा जिल्लाको पार्टी सेक्रेटरी हुनुभयो । २०५२ मा क्षेत्रीय ब्युरो सदस्य हुनुभयो । २०६१ देखि जनयुद्धकै क्रममा तत्कालीन नेकपा (माओवादी)को केन्द्रीय सदस्यको जिम्मा लिनुभयो । २०६९ देखि सचिवालय सदस्य हुँदै नेकपा-माओवादी, नेकपा (क्रान्तिकारी माओवादी) को पोलिटब्युरो सदस्यमा निरन्तर रहँदै आउनु भएको छ ।

क.श्याम गण्डकी अञ्चलको पहाडी जिल्ला गोरखा जिल्लामा जन्मिएर, श्रममा भाग लिएर, सादा जीवन उच्च विचार लिदै सापेक्ष ठूलो परिवारसँग अन्तरक्रिया, छलफल, कुशल अभिभावकको भूमिका निर्वाह गर्दै सिंगो परिवारलाई क्रान्ति र पार्टीको झण्डा वरिपरी गोलबन्द गराउन सफल हुनुभएको छ । कैयौं नेता तथा कार्यकर्ताका छोराछोरी बाबुआमा पार्टी र क्रान्तिमा लागेकै कारण आन्दोलन र क्रान्तिप्रति वितृष्णा हुनेसम्मका गतिविधि हुने हाम्रो समाजमा जेठो छोरा क. निश्चल बाबु छोरा दुबै केन्द्रमा रहेर क्रान्तिकारी नेतृत्व तयार पार्ने कुरा सकारात्मक उदाहरण हो । उहाँमा व्यक्तिगत सम्पत्ति र पद प्रतिष्ठाप्रतिको महत्वाकांक्षा देखिएन ।

उहाँ उघिल्लो केन्द्रीय समितिको बैठकदेखि बिरामी हुनुहुन्थ्यो । मंसिर ११ देखि बुटवल बैठकबाट बिरामीको लक्षण देखिएकोमा बुटवल लुम्बिनी उपक्षेत्रीय अस्पताल, पोखरा गण्डकी अस्पताल, भरतपुर क्यान्सर अस्पताल र ललितपुरको नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टरमा उहाँको उपचार गरिएको थियो । डा. खगेन्द्र देवकोटा स्टाफ नर्स अनुपा थापाको टिम भरतपुर, डा. सुदीप श्रेष्ठ, हरि ढकाल, स्टाफ नर्स सुनिता अधिकारी लगायतको टिमबाट अत्यन्तै जिम्मेवारीपूर्वक उपचार भइरहेको थियो । उहाँको दुःखद् निधनले सर्वहारावर्गले एउटा सुयोग्य नेतृत्व हाम्रो पार्टी, नेता र परिवारले अभिभावक गुमाएको छ ।

यस शोकको घडीमा हामीप्रति समवेदना प्रकट गर्ने र दिवंगत क. श्यामप्रति शोक व्यक्त गर्ने सबैप्रति हाम्रो पार्टी आभार प्रकट गर्दछ र शोकलाई शक्तिमा बदल्दै दिवंगत क.श्यामले अधुरो छोडेर जानुभएको क्रान्तिको अधुरो कामलाई निरन्तर अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछ ।

# ‘आरक्षण बचाऔं’ आन्दोलनमा तीनजना घाइते

काठमाडौं । ‘आरक्षण बचाऔं आन्दोलन’ले घोषणा गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा तीन जना घाइते हुन पुगेका छन् । काठमाडौंको सुन्धारादेखि, न्युरोड, जुद्ध शालिक, असन हुँदै अघि बढेको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा शोभा विश्वकर्मा, टेक बहादुर वि.क, मात्रिका राई घाइते भएका छन् । संघीयता र समानुपातिक समावेशी पक्षधरको मसाल जुलुस रोक्ने क्रममा [illegible] चन्देश्वर दास नाम गरेका एक [illegible] आन्दोलनकारीलाई नियन्त्रणमा लिएको थियो । प्रहरीले आन्दोलनकारीले प्रयोग गरेको एउटा गाडी समेत कब्जा गरेको थियो । आन्दोलनकारीहरूले ‘असमावेशी विज्ञापन खारेज गर, लालबाबु पण्डित मुर्दावाद, उमेश मैनाली मुर्दावाद, प्रहरी दमन मुर्दावाद’ लगायत नारासहित शान्तिवाटिकामा आयोजित जुलुस समापन सभा भएको थियो ।

# बाँकेमा किसान महासंघ (क्रान्तिकारी) र दलित मोर्चाको भेला सम्पन्न



बाँके । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) र राष्ट्रिय दलित मुक्ति मोर्चा, नेपाल बाँकेको भेला आज सम्पन्न भएको छ ।

क्रान्तिकारी माओवादीका बाँके बर्दिया इन्चार्ज संकुलको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले प्रेम थापाको संयोजकत्वमा ९ सदस्यीय र इन्द्र दमाई संयोजकत्वमा ७ सदस्यीय राष्ट्रिय दलित मुक्ति मोर्चाको निर्माण गरिएको छ । भेलामा क्रान्तिकारी माओवादीका नेता तेजविक्रम शाही लगायतका नेता तथा कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

## अखिल...

दिइएको अध्यक्ष पुष्पराज जोशीले बताए । उनका अनुसार ६ हजार मासिक शुल्कबाट ११ हजार ७ सय पुऱ्याइएको भन्दै बृद्धि गरिएको शुल्क फिर्ता लिनुपर्ने बताए । शुल्क फिर्ता नगरेसम्म प्रशासनमा लगाएको ताला नखोलिने र माग पूरा नभए अझ सशक्त आन्दोलन अगाडि बढाउने अध्यक्ष जोशीले बताए ।

## मार्क्सवादको...

देखापर्ने नयाँ समस्याहरूको उचित समाधान निकाल्नमा लागू गर्न सकिन्छ । ती त्यस्ता सिद्धान्त हुन्, जसले संसारलाई बुझ्ने र बदल्ने कार्यमा वैज्ञानिक साधनको काम गर्छन । उक्त सिद्धान्तहरूको मूल आधार भनेका त्यसका दार्शनिक विश्व-दृष्टिकोण र विधिशास्त्र हुन्, जुन हाम्रो जमानाको महान वैज्ञानिक सत्य रहेको छ । उक्त सत्यप्रति दृष्टिकोण (बततष्तगतभ) सबभन्दा मुख्य तत्व हो जसको आधारमा जो कोहीको त्यसप्रतिको निष्ठाको जाँच गरिनुपर्छ । अर्थात् मार्क्सवादको संरक्षण र विकासलाई उपरोक्त विश्व-दृष्टिकोण र विधिशास्त्रको केन्द्रबिन्दुबाट हेरिनुपर्छ, र यहीबाट नै कसैको निष्ठाको जाँच हुनुपर्छ ।

हाम्रो मुलुकमा मार्क्सवादको संरक्षणको सवाल हामी नेपाली कम्युनिस्टहरू सामु रहेको एउटा जल्दो सवाल हो । यो नेपाली कम्युनिस्ट आन्दोलनमा सैद्धान्तिक चिन्तनको क्षेत्रमा व्याप्त रूपमा फैलिएका संशोधनवादी, अवसरवादी र अन्य गैर-सर्वहारा प्रवृत्तिहरूको विरुद्ध दृढ सङ्घर्ष चलाउने, आम कम्युनिस्ट तथा क्रान्तिकारीहरूलाई त्यसको प्रभावबाट मुक्त पार्ने, र त्यसभित्र मार्क्सवादलाई स्थापित गर्ने सवाल हो । हाम्रो आन्दोलनभित्र जम्मा भएका फोहरहरूलाई मार्क्सवादी कुचोले बढारेर नपठाएमा, तिनले त्यसलाई नराम्ररी प्रभाव पारिरहेका हुन्छन् । यो सवाल कम्युनिस्ट आन्दोलनलाई पुँजीवादी सुधारवाद, र उदारतावादको धापमा पार्न चलिआएको दुष्प्रयासलाई विफल पार्ने सवाल हो । मार्क्सवादी सत्यको स्थापना, संरक्षण र विजय संशोधनवादी तथा अवसरवादी झुटहरूको विरुद्ध सङ्घर्षमार्फत हुनसक्ने एउटा सुविदित तथ्य हो ।

संशोधनवाद र अवसरवाद विरुद्ध सङ्घर्षमा सहभागितामार्फत मार्क्सवादप्रति निष्ठा व्यक्त हुने तरिका एउटा प्रतिरक्षात्मक तरिका हो, अर्थात् यसको उद्देश्य मार्क्सवादका आधारभूत सिद्धान्तहरूप्रति फैलाइएको भ्रम तथा अपव्याख्याको पर्दाफास गरी त्यसलाई स्पष्ट पार्नु, वा त्यसप्रति कसैबाट उठाइएका विरोधको जवाफमा त्यसको औचित्यलाई सावित गर्नु हो । मार्क्सवादका सिद्धान्तलाई विकृत रूपमा प्रस्तुत गर्ने, त्यसको भ्रष्टीकरण गर्ने, वा त्यसको गलत व्याख्या गर्ने प्रयासहरूको स्थितिमा, उपरोक्त कार्य निश्चय पनि आवश्यक र उपयोगी छ, तर त्यसको क्रियाशीलता सीमित खालको रहन्छ, अर्थात् सो कार्य त्यसलाई धान्न सक्ने खालको रहँदैन । कुनै पनि सिद्धान्तको वास्तविक संरक्षण र त्यसको जीवन्तताको प्रमाणीकरणका लागि प्रतिरक्षात्मक तरिका मात्र पर्याप्त रहँदैन । त्यसको लागि अर्को तरिकाको आवश्यकता रहन्छ, र त्यो हो सिर्जनात्मक तरिका, कामकाजी तथा प्रगतिशील तरिका । मार्क्सवादी सिद्धान्तको मामिलामा, त्यसको अर्थ र तात्पर्य हो वर्तमान समयका ठोस अवस्थाहरूको वैज्ञानिक व्याख्या-विश्लेषण गर्नमा र त्यसले प्रस्तुत गरेका नयाँ समस्या र अभिभाराहरूलाई सम्बोधन गर्न र तिनको समाधानको उपाय निकाल्नमा मार्क्सवादी दृष्टिकोण र विधिशास्त्रको उचित रूपमा प्रयोग गर्नु ।

यहाँ कुन कुरा ध्यानयोग्य छ भने मार्क्सवादको सिर्जनात्मक प्रयोगको सबभन्दा प्रमुख पक्ष वर्तमान समयका ठोस, वस्तुगत अवस्थाहरूको अध्ययन तथा विश्लेषणमा, राजनीतिक-व्यावहारिक सङ्घर्षमा उत्पन्न समस्याहरूको समाधानमा मार्क्सवादी (द्वन्द्वात्मक भौतिकवादी) तरिकाको प्रयोग गर्नु हो, जसले गर्दा सम्बन्धित विषयबारे वैज्ञानिक समझदारी र समाधानको सही उपाय हासिल गर्न सकिनेछ । अर्को शब्दमा, यहाँ मार्क्सवादीहरूले आफ्नो मुलुकको क्रान्तिकारी आन्दोलनको ठोस यथार्थतासित मार्क्सवादी सिद्धान्तलाई एकजुट पार्नु सबभन्दा प्रमुख कुरा हो, जसले गर्दा मार्क्सवादले सम्बन्धित मुलुकको माटोमा जरा गाड्न र मूर्त रूप लिन सक्नेछ ।

क्रान्तिको ठोस यथार्थतासित मार्क्सवादी सिद्धान्तलाई एकजुट पार्नु, त्यसको उचित प्रयोग गर्नु भनेको त्यसको जीवन्तता र परिवर्तनकारी शक्तिलाई अभिव्यक्ति प्रदान गर्नु हो । त्यसका साथै, व्यवहारमा प्राप्त हुने नयाँ अनुभवहरू र ज्ञानबाट सिक्दै र त्यसबाट सही निचोडहरू निकाल्दै मार्क्सवादलाई समृद्ध र विकसित गर्दै जानु त्यसप्रतिको निष्ठाले अपेक्षा गर्ने कुरा हो । लेनिन र माओले आ-आफ्नो मुलुकको क्रान्तिको यथार्थतामा त्यसलाई ठीकसित लागु गर्दै र क्रान्तिकारी व्यवहारमा प्राप्त अनुभवबाट नयाँ निष्कर्षहरू निकाल्दै त्यसलाई समृद्ध र विकसित गरेका थिए । ऐतिहासिक यथार्थता र त्यसको विकाससित मार्क्सवादलाई एकजुट पार्नु नै त्यसप्रतिको सच्चा निष्ठा हो ।

समाज गतिशील र परिवर्तनशील छ, इतिहास एक युगबाट अर्को युगमा संक्रमण गर्दै अघि बढ्छ, युगमा हुने परिवर्तनसँगै नयाँ परिस्थिति पैदा हुन्छन्, र त्यसैले मार्क्सवादको लागि बदलिँदो परिस्थितिसित आफूलाई समायोजित गर्न आफ्नो विकासको आवश्यकता पर्दछ, र त्यस ढङ्गबाट मार्क्सवादको विकास हुँदै आएको हामीले देखेका छौं । तर, विकासको अर्थ मार्क्सवादी प्रस्थापनालाई जथाभावी ढङ्गले अर्थ्यायिनु, वा आफूलाई मनलागेको विचार वा धारणा त्यसमा थप्नु, वा मार्क्सवाद विपरित कुरा ल्याएर त्यसमा घुसाउनु कदापि होइन, जुन कुरा अहिले हाम्रो सैद्धान्तिक, फाँटमा भइरहेको हामी देखिरहेको छौं । हाम्रो मुलुकमा आफूलाई मार्क्सवादी सिद्धान्तकार ठान्ने कतिपयले त्यसमा पुँजीवादी, वा निम्न-पुँजीवादी धारणा घुसाएर त्यसको विकृतीकरण वा सारसंग्रहवादीकरण गर्न खोजिरहेका छन् । त्यस्ता तत्व भनेका मुख्य रूपमा हाम्रो कम्युनिस्ट आन्दोलनभित्रका संशोधनवादी र अवसरवादीहरू हुन् । उक्त तत्वहरूले आफ्ना उदार-सुधारवादी राजनीतिलाई अघि बढाउन मार्क्सवादको विकासको नाउँमा उपरोक्त खालको काम गरिरहेका छन् । स्पष्ट छ, तिनीहरूको त्यस्तो कार्यबाट हुने कुरा मार्क्सवादको विकास होइन, बरु पुँजीवादी उदारतावाद र सुधारवादमा त्यसको अधपतन हो ।

मार्क्सवादको सिद्धान्त आकस्मिक रूपमा पैदा भएको कुनै चीज होइन । त्यो त इतिहासको उपज हो । इतिहासको उपजको रूपमा त्यसको विकास इतिहासको विकाससँगसँगै हुनै पर्छ । समय र परिस्थितिमा निरन्तर भइरहने परिवर्तनहरूसित मार्क्सवादलाई समायोजित गर्न त्यसको विकास हुनु एउटा अनिवार्य आवश्यकता हो । त्यसो भएन भने, त्यो एउटा जड वस्तु बन्नेछ । इतिहासको विकासको सिलसिलामा देखापर्ने नयाँ ऐतिहासिक तथ्यहरूलाई पहिले स्थापित निष्कर्षसित मिलाउन त्यसको तोडमरोड गर्नु कदापि उचित हुन्न, बरु ती तथ्यहरूको आधारमा निस्कने नयाँ निष्कर्षहरूलाई आत्मसात् गर्दै त्यसको विकास गर्नुपर्दछ । सामाजिक जीवनमा उत्पन्न हुने गम्भीर तथा जटिल समस्याहरूलाई मार्क्सवादीहरूले आलटाल गरेर पन्छाउने कदापि गर्नु हुन्न, बरु तिनीहरूले त्यस्ता समस्याहरूको पहिचान गर्ने, तिनलाई सम्बोधन गर्ने र तिनको समाधान पत्तालाउने गर्नुपर्छ । त्यसको लागि तिनीहरूले वस्तुगत यथार्थताको गहन रूपमा अध्ययन गर्ने र मानवजातिले प्राप्त गरेका कामलाग्दो ज्ञानलाई आत्मसात गर्नु आवश्यक छ ।

यदि मार्क्सवादको विकास हुने हो भने, त्यसको सो विकास त्यसको आफ्नै आधारमा हुनुपर्छ । त्यसको विकास गर्ने काममा पूरा गर्नु पर्ने सबभन्दा प्राथमिक पूर्वशर्त के हो भने त्यसमा थपिने कुरो मार्क्सवादसम्मत हुनुपर्छ र त्यो मार्क्सवादको आधारमा निकालिने व्यावहारिक अनुभवको, ऐतिहासिक अनुभवको उचित निचोड हुनुपर्छ । त्यस सम्बन्धमा अर्को महत्वपूर्ण कुरो के छ भने मार्क्सवादको विकासको नाउँमा थपिने कुनै पनि प्रस्थापना पूरै रूपले तर्कसंगत हुनुपर्छ । यो शर्त एकदमै महत्वपूर्ण छ, किनभने तार्किकताबिनाको कुनै पनि धारणा कदापि ग्रहण-योग्य हुन सक्दैन ।

## गुठी बिधेयक...

पाटा किने जस्तै हो । यसमा पुरुषार्थ या पौरख केही छैन । मोही हकले भन्दा पनि जग्गाको मूल्य बढेको र त्यो जग्गा बेचेकोले मात्र केही समयको लागि किसानहरू धनी भएको जस्तो देखिएको हो । वास्तवमा जग्गा किनबेच गर्न पाउनाले वा बेच्नाले किसानहरूलाई दीर्घकालिन रूपम बेफाइदा नै छ ।

*(६) टेन्डर, लोकसेवाले जात्रा, संस्कृति नचल्ने*

जात्रा पर्व भनेको समुदायमा आधारित हुन्छ । बिभिन्न कार्य बिभाजन र नीतिनियम र परम्परा हुन्छ । टेन्डर, लोकसेवाले जात्रा, संस्कृती चल्दैन । तिनीहरूलाई नीति नियम पनि थाहा हुन्न । बिद्वत सभा त झन कार्यकर्ता भर्तिकेन्द्र हुने निश्चित छ । गुठी संस्थामा अहिलेसम्म कति जना गुठीबिज्ञ नियुक्त भए भन्ने प्रश्न नेवारहरूको छ ।

*(७) गोलमटोल भाषा र कानुनको नौसिङ्गसँग*

बिधेयकमा कही निजी गुठी लाई पनि सरकारले लिने भनेको छ कही के भनेको छ । कही मोही हक दिने भनिएको छ कही नदिने भनिएको छ । यस्त गोलमटोल भाषाले जनतालाई झुक्याउँछ र अन्ततः पहुँच भएकाले आफु अनुकुल ब्याख्या गरेर उत्पीडित जनतालाई झन उत्पीडन गर्छ । नेवारहरू यही गोलमटोल भाषा र कानुनको नौसिङ्गसँग सशंकित भएक हुन् ।

*(७) गुठीयारको अधिकार समाप्त हुने*

गुठीयारबाट अधिकार खोसेर सरकारले नियुक्त गरेका कर्म चारी, महन्त, पुजारीको हात अधिकार जाने खतरा छ । नेवास् समुदायको आवाज यही खतराको बिरुध्द हो ।

*(८) गुठी संस्थानका कर्मचारी र भूमाफिया मिलेर गुठी जाग्गा बेचेको इतिहास*

बिगतमा गुठी संस्थानका कर्मचारी र भूमाफिया मिलेर गुठी जाग्गा बेचेको थुप्र उदाहरण छ । पशुपतिकै २३१ रोपनी हराएको छ । बहुचरचित स्वर्गद्वारी गुठीको २५० बिघा जाग्गा बेचिएको छ । धनुषाको जानकी मन्दिरको आधी पनि जग्ग बाँकी छैन। यि त प्रतिनिधी उदाहरण मात्र हुन । यस्तै थुप्रै उदाहरण छ । त्यसैले जनाता गुठी संस्थानका कर्मचारी र भूमाफिया मिलेर गुठी जाग्गा बेचेको इतिहासवाट झस्केका हुन ।

*(९) जग्गा बेचिने डर*

गुठीका चल अचल सम्पती प्राप्त गर्ने, भोग गर्ने र आवश्यकताअनुसार बेचबिखन गर्न सक्ने प्रावधान छ । अचल सम्पती जग्गा पनि बेचियो भने जग्गा सकिन्छ । जग्गा सकिएपछि संस्कृति सकिन्छ ।

*(१०) इतिहास मेटिने डर*

आदिवासीसँग जग्गा रहेसम्म मात्र भूमिपुत्र हो आदीवासी हो भन्ने प्रस्ट हुन्छ, प्रमाण हुन्छ । उपत्यकाको जग्गा नेवारहरूसँग भएसम्म मात्र यहाँका आदिवासी नेवार हो भन्ने प्रामाण हुन्छ । अब त गुठीको जग्गा पनि सकियो भने इतिहास मेटिन्छ । यहाँको संस्कृती सम्पदामाथि पनि अर्कैले आधिपत्य कमाउँछ ।

*(११) जग्गा रहेसम्म मात्र संस्कृति रहन्छ*

जबसम्म जग्गा रहन्छ तबसम्म मात्र संस्कृति, सम्पदा, सभयता रहन्छ । जग्गा सिधिएपछी पहिचान पनि सिधिन्छ ।त्यसैले जग्गा सिध्याउनु हुन्न भने जनमत छ ।

*(१२) गुठी समुदायको हो*

उपत्यकाको गुठी न निजी हो न सरकारको हो । गुठी समुदायको हो । तर सरकारले गुठीलाई सरकारी बनाउन लागे भन्नेमा बिरोध भएको छ ।

*(१३) गुठी भावनासँग जोदिएको परम्परा हो*

गुठी भनेको नेवारहरूको भावनासँग जोदिएको परम्परा हो । भावनालाई हलुका रूपमा लिएको र समुदायसँग छलफल नगरी बिधेयक ल्याउँदा समस्या बढेको हो ।

*(१४) धर्म संस्कृति मासिने डर*

नेवार गुठी आर्थिकको साथसाथै धर्म संस्कृति, परम्परा, सभ्यतासँग जोडिएको छ । गुठी बिधेयकले धर्म, संस्कृति मासिन्छ, निजी गुठी सार्वजनिक गुठी जाने र सरकारी हुने खतरा, धार्मिक स्थल बनाउने सरकारी स्वीकृती लिना पर्ने बाध्यताले धर्ममा राज्यको हस्तक्षेप भएको महसुस भयो ।

*(१५) कम्युनिष्ट धर्म संस्कृती बिरोधी हुन्च भन्ने प्रचारवाजीय शिकार*

कम्युनिष्टहरू धर्मसंस्कृति बिरोधी हुन्चन भन्ने प्रचारवाजीले काम गरेको छ । बिश्वकम्युनिष्ट आन्दोलन हेरौं भने कम्युनिष्टहरूले संस्कृत, सम्पदा जोगाएको छ चाहे त्यो चिनिया क्रान्ति होस या अफगानिस्तानको कम्युनिष्ट शासनको कुरा गरौं ।

*(१६) जहाँ दमन त्यहाँ बिद्रोह*

गुठी बिधेयक बिरूद्ध सुरुमा भएको शान्तिपूर्ण प्रदर्शनमाथि प्रहरी दमनले जनाता आक्रोशित भएको हो । शान्तिपूर्ण आन्दोलन लाई अशान्तिपूर्ण भ्न्दा र दमन गर्ने सराकरको तानाशाही प्रबृतिको बिरोधम जनसागर उर्लिएको हो ।

### मोही हक र भूमाफिया चलखेल बारे

*(१) मोही हक*बारे

गुठीको जग्गामा मोही हक पहिलेदेखि थियो र छ । अझ गुठीको जग्गाको मोही भाग किनबेच पनि हुन्छ जब कि निजी जग्गाको मोही भाग किनबेच गर्न मिल्दैन । त्यसैले गुठी जग्गामा मोही हक नौलो कुरा होइन ।

*(२) रैतानी र गुठी जग्गामा बनाइएको घर निजी हुनेबारे*

यहाँ मुख्य कुरा मोही भाग पछिको बाँकी आधी भागको कुरा र गुठी जग्गामा बनाइएको घरको बारेमा हो । प्रस्तुत बिधेयकले बाँकी जग्गा रैतानी गर्न दिने र गुठी जग्गामा घर बनाइएको भए निजी गर्न दिने उल्लेख छ । रैतानी पनि पहिलेकै व्यवस्था हो तर रैतानी गरेका जग्गाहरू भूमाफियाको हातमा पुगेको बिगतको अनुभव छ । रैतानीले जग्गा बच्दैन र संस्कृती बच्दैन । कि त रैतानी जागा किनबेच गर्न नपाउने व्यवस्था हुनु पर्यो । गुठी जग्गामा बनाइएको घर निजी गर्दा पनि पिडित किसान हो कि भूमाफिया हो छुत्याउनु पर्च । एउटौ दालोमा रख्नु हुन्न । यसरी जग्गा बच्दैन ।

*(३)नाम मोहीको, सेवा धनी र भूमाफियाको*

गुठी जग्गामा भूमाफियाको ठूलो लगानी छ । गुठी जग्गमा घर पनि तिनीहरू ले नै बनएकोएको खबर छ । तिनीहरूकै दबाबामा बिधेयक ल्याइएको भन्ने छ । केही किसानले रैतानी गरे पनि आखिरमा पुग्ने भनेको भूमाफियाकै हातमा हो, बिगतले नि यही भन्छ । अधिकाँस गुठी जग्गामा घर बनाउने भनेको मोही होइन धनाढय र भूमाफियाले बनाएको छ । रैतानी जग्गा पनि आफ्नो र घर पनि निजी भए पछी धनी र भूमाफियालाऐ मात्र फाइदा हुन्छ । त्यसैले मोहीका कुरा गर्ने हरूको देखाउने दाँत मोही हक हो भने चपाउने दाँत धनी र भूमाफियाको सेवा र संस्कृतिको विनास हो भन्ने आरोप पनि छ ।

*(४)कसैलाई धनी बनाउनको लागी संस्कृति मास्न सकिन्नः*

पहिचान र संस्कृती भनेको पैसा या धन भन्दा पनि महत्वपूर्ण हुन्छ भने त इजरायल(प्यालेस्टाइनको अनन्त संघर्षवाट थाहा हुन्छ । त्यसैले भूमाफिया वा कसैलाई धनी बनाउनलाई संस्कृती मास्न सकिन्न ।

*(५) रैतानी गर्न मोहीसँगा पैसा नहुने र गरिहाले पनि जोगाउन नसक्ने*

गरीब मोही किसानले सरकारले भने जती पैसा तिरेर रैतानी गर्न सक्दैन । अहिले जग्गाको मुल्यांकन पनि धेरै छ । कठं क दाचित गरिहाले पनि त्यो जग्गा मोहीको हाट्मा धेरै टिक्दैन । सुकुएमबिएअसीलाई १० बर्षसम्म किनबेच गर्न नपाउने भनेए दिइएको जग्ग २(३ बर्षमै बेचिएको खबर छ । बिगतमा पनि रैतानी जग्गा बेचेर किसानहरू जग्गावाट बेदखल बहेका हुन । अहिले धेरै जसो रैतानी जग्गा भूमाफियाको हातमा पुगेको छ ।

*(६)मोही हक बारे गोलामाटोल भाषा*

मोही कसलाई मान्ने भन्ने बारेमा बिधेयकमा स्पस्ट छैन, गोमअटोल भाषा छ । २०५३ पुस २४ गतेसम्म निवेदन दिएकालाई मात्र मोही मान्ने भनिएको छ । यो समय सिमा सयदै मात्र मोहीले जानेको होला र निवेदन दिएको होला । अझ नयाँ मोही खडा गर्ने कुरा पनि छ । नकली मोहीको बिग्बिग्गी बढ्ने खतरा छ । यसले घुस्याहा कर्माचारीलाई फाइदा पुग्छ ।

*(७)वकिल, न्यायधिश र मालपोतका अधिकारी मोटाउने काम*

बिधेयकमा गोलामाटोल भाषा र अस्पटताअले वकिल, न्यायाधीश र मालपोतका अधिकारीलाई मोटो रकम ख्वाउनु पर्ने अवास्था आउन्छ र तिनीहरू मात्र मोटाउने काम होऊन् । गरीब र निमुखा जनाताले न्याय पाउन्न ।

### समस्याको मूल कारण र समाधानको बाटो

*(१)सत्ता नभई केही पनि बच्दैन*

पायल्स भएकोले मासु खायो भने प्रोटीन बढ्ने होइन पायल्स बढ्छ । गुठी जग्गा पनि यस्तै भएको छ । सत्ता नभई केही पनि बच्दैन भने त बिगत २५० बर्षको इतिहासले प्रस्ट पारेकै छ नि । त्यसैले अग्राधिकार र पहिचान सहितको राज्य चाहिन्छ । सत्ता नभई केही पनि बच्न्दैन ।

*(२)नीति नियम ले नबाँध्ने हो भने जग्गा रहन्न*

जग्गा किनबेच गर्न पाउँदा ढिलो चाडो जग्गा भूमाफियाको हातमा जाने भएकोले अब नीति नियमले नै नबांध्ने हो भने जग्गा बाँकी रहन्न ।

*(३)गुठी को जग्गा हिनामिना गर्ने माथि करबाही र जग्गा फिर्ता अनिवार्य*

शक्तिशाली आयोग गठन गरी गुठी को जग्ग हिनामिना गर्ने माथी करबाही र जग्गा फिर्ता गर्न अनिवार्य आवश्यक छ । चल अचल सबैको छानबिन गर्नु पर्छ ।

*(४)२५० बर्षमा बिश्वकै धनी मध्यबाट बिश्वकै गरीब बनाएपछिको समस्या*

मल्लकालमा नेपालको बिकास युरोपको जतिको थियो । एक इटालियन इतिहासकारका अनुसार मल्लकालमा काठमाडौं उपत्यकाका जनाताको प्रतिव्यक्ती आम्दानी, जिवन स तर जर्मनीको जती थियो । तर आज नेपाल बिश्वकै गरीब देश बनाइएको छ । २५० बर्ष शोषण गरेर चुसेर गरीब बनाउनेहरू पनि उनिहरू अनि गरीविको फाइदा उठाउदै केही प्रलोभन देखाएर संस्कृती मास्न खोज्ने हरू पनि उनिहरू नै हो । सचेत बनौं ।

*(५)सर्पको मुखमा परेको भयागुतोले फट्याँग्रा देख्दा र्याल चुहाए जस्तो मोहीको आश*

नेवारहरू काठमाडौंको आदीवासी भए पनिस यहाँको सभ्यता, संस्कृति, सम्पदाको निर्माता भए पनि २५० बर्षा देखी सत्ता वाट बाहिर राखिएकोले नेवारहरू सम्पूर्ण रूपले पछी परे । बदि्लंदो परिवेशसँग आफुलाई ढाल्न नसक्दा नेवारहरू को ब्भूमि, भाषा, संस्कृति, पहिचान बिनासको संघारमा पुग्दैछ । गुठी जग्गाको आश पनि सर्पको मुखमा परेको भ्यागुतोले फत्यांग्रा देख्दा र्याल चुहाए जस्तो मात्र भएको छ । त्यसैले सर्पको मुखवाट कसरी बाहिर निस्कने प्र्श्न यो हो । यसको उपाय भनेको राजनऐतिक अधिकार नै हो ।

*(६) पैसा नै सबथोक भए गोर्खा भर्ती र बैदेशिक रोजगारको किन बिरोध ?*

केही मानिसहरू मोहीले रैतानी गर्न पाएपछी क्षणइक समयका लागि भए पनि फाइदै हुन्छ भन्छन । पैसा नै सबथोक भए गोर्खा भर्ती र बैदेशिक रोजगारको किन बिरोध गर्ने ?

*(७) धार्मिक र राजनैतिक मठाढीसहरूले जनाताको सेवामा समर्पित हुन आवश्यक*

धार्मिक र राजनैतिक मठाधीसहरूले अब पुरानो सामन्ती ढर्रा छोडेर जनाताको सेवामा समर्पित हुन आवश्यक छ ।

*(८)नेवारहरूको हविगत अमेरिकाका रेड इन्डियनको जस्तो हुन सक्ने*

जग्गा र सत्ता केही नहुने हो भने नेवारहरू को हालत अमेरिकाका रेड इन्डियनको जस्तो हुन सक्ने खतरा छ । रेड इन्डियनहरू पनि अमेरिकाको आदिवासी भए पनि कोलएमबिएस आउनु भन्दा पहिला सुनैसुन भएको, जामइन धेरै भएको देश भए पनि अँग्रेज हरूले जामइन र सत्ता लुटेपछी अधिकार र पहिचानबिहिन भए । नेवाःहरू नेपालको रेड इण्डियन हुन नदिन आजै सचेत हुन जरुरी छ ।

पीडित मोही किसानको अधिकार पनि अनिवार्य सुरक्षित हुनुपर्छ । जग्गा पनि सुरक्षित हुनुपर्छ । पहिचान पनि जोगिनु पर्छ । जग्गा बचेन भने नेवास्हरू काठमाडौं उपत्यकाको आदिवासी हुन भन्ने प्रमाण नै मेटिन्छ । पहिचान भनेको समाजको प्राण जस्तै हो । क्षणिक स्वार्थको लागी दीर्घकालिन हीत छोड्न सकिन्न । आत्मा बेचेर रोटी किन्न सकिन्न्। गुठीकओ सम्पती हिनामिना को छन्बिन गरी दोषी माथी कारबाही हुनु पर्च । टरा यो दलाल र भ्रस्ट सरकार र व्यवस्थाले यसो गर्न सक्दैन । नेपाल जस्तो बहुसांस्कृतिक, बहुजातीय, बहुभाषिक देशमा संस्कृति, सम्पदा, सभ्यता जोगाउने हो भने पहिचानमा अधारित संघीयता अनिवार्य छ । अग्राधिकार सहितको नेवार राज्यबिना नेवार संस्कृति, सम्पदा, सभ्यता बच्दैन । त्यसैले संस्कृति, सम्पदा, सभ्यता बचाउनका लागि दीर्घकालिन हितको लागि नेवा राज्यको लागि संघर्ष गर्न आवश्यक छ ।

# कम्युनिस्ट आन्दोलनले सामना गर्नुपरेका केही महत्वपूर्ण सवालहरू

**इतिहासको अनुभवहरूले हामीलाई सच्चा नेतृत्व र सहि सिद्धान्त भनेका क्रान्ति सम्पन्न गर्न र त्यसलाई निरन्तरता प्रदान गर्नका निम्ति पूर्व सर्तहरू हुन् भन्ने पाठ सिकाएका छन् । तर, सच्चा नेतृत्व नै कम्युनिस्टहरूद्वारा सत्ता कब्जा गर्नु अगाडि र पछाडिका निम्ति सबैभन्दा महत्वपूर्ण कुरो हो, किनभने, त्यस्तो नेतृत्वले सैद्धान्तिक र नीतिगत गल्ति एवं कमिकमजोरीहरूसँग सम्बन्धित कुराहरूलाई समाधान गर्न सफल हुन सक्दछ ।**

***

**संकीर्णतावादी प्रवृत्ति कम्युनिस्ट आन्दोलन र पार्टीहरूभित्र रहेको समस्याहरूमध्येको एक समस्या हो, जसले गर्दा कुनै गम्भीर विचारधारात्मक भिन्नताविना नै अनावश्यक टुटफुट र विभाजनतर्फ बढाएको छ । त्यसको परिणाम भनेको मार्क्सवादी–लेनिनवादी–माओवादी पार्टीहरू एवं क्रान्तिकारी शक्तिहरूलाई छिन्नभिन्न पारेर तिनीहरूको शक्तिलाई कमजोर र दुर्बल बनाउनु रहेको छ ।**

● **प्रितम**

*वैचारिक संघर्षमा सुस्तता*

कार्लमार्क्स र फ्रेडरिक एंगेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणा-पत्र प्रकाशमा ल्याएको डेढ शताब्दी भन्दा बढी समय बितिसकेको छ र यस अवधिमा कम्युनिस्ट आन्दोलनले विश्वभर क्रान्ति र प्रतिक्रान्तिका सन्दर्भमा अनगिन्ति उतार-चढ़ाव एवं घुम्ति र मोडहरू बेहोरेको छ, भनाईको तात्पर्य, युगान्तकारी प्रथम सोभियत समाजवादी राज्यको स्थापना देखि चीनीयाँ नयाँ जनवादी क्रान्ति सम्पन्न भएको छ भने पूर्व सोभियत संघ र पूर्वी युरोपमा संशोधनवादको पतनदेखि लिएर चीनमा प्रतिक्रान्ति र पुँजीपन्थीहरूको पुनर्स्थापनासम्म भैसकेका छन् ।

रुसमा निकिता ख्रुस्चेभदेखि प्रारम्भ भएर मिखाइल गोर्वाचोभसम्म आइपुग्दा मार्क्सवाद-लेनिनवादलाई पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा परित्याग गर्दै सोभियत संशोधनवादको बिसर्जन हुन पुग्यो । चीनमा देङ मण्डलीले 'एक देश, दुई व्यबस्था' र ' बिरालो कालो वा सेतो जस्तो भए पनि त्यसले मुसा समात्नु पर्छ' भन्ने अनौठौ नीति अगाडि ल्यायो ।

रुसमा कमरेड स्टालिन र चीनमा कमरेड माओको निधनपश्चात पार्टी नेतृत्वमा आउन सफल भएकाहरूले सर्वहारा वर्गको अधिनायकत्व, वर्गसंघर्षको निरन्तरता र सत्ता प्राप्तिका लागि बलप्रयोग एवं सशस्त्र संघर्ष जस्ता क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका आधार भूत मार्क्सवादी-लेनिनवादी विचारधारात्मक सिद्धान्तहरूलाई पकड्ने कुराबाट विचलित हुँदै गए ।

चिनियाँ कम्युनिस्ट पार्टीले कमरेड माओको नेतृत्वमा सोभियत संशोधनवादका विरुद्धमा समग्र संघर्ष चलायो जसलाई 'महा विवाद' भनेर बुझ्ने गरिन्छ । त्यसपछि अन्तर ाष्ट्रिय कम्युनिस्ट आन्दोलन क्रमशः चिनियाँ कम्युनिस्ट पार्टी र सोभियत कम्युनिस्ट पार्टीको पक्षमा गरी दुई शिविरमा बाँडिएर विभाजित हुन पुग्यो ।

मार्क्सवादी-लेनिनवादी क्रान्तिकारीहरूका तर्फबाट सबै प्रकारका संशोधन र विचलनका विरुद्धमा विचारधारात्मक संघर्ष चलाउने काममा सुस्तता छाएको छ । अहिले हामी मार्क्सवाद-लेनिनवादी क्रान्तिकारीहरूको ती सबै प्रकारका संशोधनवाद र विचलनवादी प्रवृत्ति एवं तत्वहरूका विरुद्ध जुध्नका लागि विचारधारात्मक संघर्ष उठाउनु पर्ने नितान्त एवं आवश्यक दायित्व हुन गएकोछ ।

*स्थापित नेतृत्वको समस्या*

कमरेड स्टालिन र कमरेड माओले अन्तर ाष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेल्नुभयो र नेतृत्व प्रदान गर्नुभयो । तर कमरेड स्टालिनको निधनको लगत्तै निकिता ख्रुस्चोभ, जो संशोधनवादी थिए, उनले सोभियत संघको कम्युनिस्ट पार्टीको नेतृत्व हत्याए । त्यसैगरी हुवागुवा फेङ, जो मध्यपन्थी थिए, जसलाई स्वयं कमरेड माओले चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा ल्याउनु भएको थियो, उनी पार्टीको नेतृत्व गर्न कमजोर सावित भए र उनी देङ मण्डलीद्वारा छिट्टै नै पार्टी नेतृत्वबाट विस्थापित हुन पुगे ।



कमरेड च्याङ्ग चीङ्ग र कमरेड चान चुन चुवाओ जस्ता क्रान्तिकारीहरू, जो ' महान सर्वहारा सांस्कृतिक क्रान्ति'का दौरानमा अग्रणीहरू थिए, उनीहरूलाई पार्टी र राज्यको नेतृत्व दुवैमा पुग्नबाट वञ्चित बनाइएको थियो । त्यो भन्दा बढी, उनीहरूलाई गिरफ्तार गरेर आजीवन कारावास सजाय दिईयो र बन्दीगृहमा नै उनीहरूले मृत्युवरण गर्नुपर्‍यो ।

बर्तमानमा कमरेड माओको देहावसान पश्चात अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमाको परीदृष्यमा एक स्थापित नेतृत्वको अभाव खड्किरहेको छ ।

इतिहासको अनुभवहरूले हामीलाई सच्चा नेतृत्व र सहि सिद्धान्त भनेका क्रान्ति सम्पन्न गर्न र त्यसलाई निरन्तरता प्रदान गर्नका निम्ति पूर्व सर्तहरू हुन् भन्ने पाठ सिकाएका छन् । तर, सच्चा नेतृत्व नै कम्युनिस्टहरूद्वारा सत्ता कब्जा गर्नु अगाडि र पछाडिका निम्ति सबैभन्दा महत्वपूर्ण कुरो हो, किनभने, त्यस्तो नेतृत्वले सैद्धान्तिक र नीतिगत गल्ति एवं कमिकमजोरीहरूसँग सम्बन्धित कुराहरूलाई समाधान गर्न सफल हुन सक्दछ ।

*व्यक्तित्व पूजाको संस्कृति*

कम्युनिस्ट आन्दोलनका साथसाथै कम्युनिस्ट पार्टीहरू भित्र 'व्यक्तित्व पूजा'को संस्कृति हावी रहेको छ, र, त्यसले गर्दा सामुहिक नेतृत्वको संस्कृति, जुन मार्क्सवादी-लेनिनवादी संगठनात्मक प्रणालीको एउटा आधारभूत तत्व हो, त्यसलाई तिरस्कार र नजरअन्दाज गरेको छ, र, जसले गर्दा कम्युनिस्ट आन्दोलनलाई निकै हदसम्म हानि पुर्‍याएको छ ।

*बामपन्थी र दक्षिणपन्थी भड्कावहरू*

मार्क्स र एंगेल्सको पालादेखिनै कम्युनिस्ट आन्दोलन बामपन्थी र दक्षिणपन्थी दुवै भडकावहरू बाट प्रभावित हुदै आइरहेको छ । यस सन्दर्भमा मार्क्स/एंगेल्सद्वारा लिखित रचना 'गोथा कार्यक्रम'नै स्वयं साक्षी छ । कम्युनिस्ट पार्टीहरू, जसले सही मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूप्रति लगाव राखे र क्रान्तिकारी भूमिका निर्वाह गरे, तिनीहरू नै सही मार्गबाट पटक-पटक विचलित भएका छन् ।

दक्षिणपन्थी विचलन नै कम्युनिस्ट आन्दोलनको लागि गम्भीर खतरा रहँदै आएको छ । यसका मुख्य कारणहरू भनेका मार्क्सवादको 'रचनात्मक कार्यान्वयन' का नाममा मार्ग निर्देशक सिद्धान्त (मार्क्सवाद-लेनिनवाद), सर्वहारावर्गको अधिनायकत्व, वर्ग संघर्ष र पार्टी भित्र दुईलाइनको संघर्ष, बल प्रयोग र सशस्त्र संघर्षलाई नकार्नु र लगाव नराख्नु नै हो ।

वामपन्थी विचलनलाई भने उग्र 'वामपन्थ' एवं त्यसको 'तत्काल क्रान्ति' गर्ने अनुरागका रूपमा हेर्न सकिन्छ । र, यसका मुख्य गल्तिहरू भनेका अन्य 'मित्र' एवं 'भातृ' पार्टीहरूको अन्धानुकरण र यान्त्रिक नक्कल गर्नु हो ।

*संकीर्णतावादी प्रवृत्ति*

संकीर्णतावादी प्रवृत्ति कम्युनिस्ट आन्दोलन र पार्टीहरूभित्र रहेको समस्याहरूमध्येको एक समस्या हो, जसले गर्दा कुनै गम्भीर विचारधारात्मक भिन्नताविना नै अनावश्यक टुटफुट र विभाजनतर्फ बढाएको छ । त्यसको परिणाम भनेको मार्क्सवादी-लेनिनवादी-माओवादी पार्टीहरू एवं क्रान्तिकारी शक्तिहरूलाई छिन्नभिन्न पारेर तिनीहरूको शक्तिलाई कमजोर र दुर्बल बनाउनु रहेको छ ।

*अन्तर्राष्ट्रिय सांगठनिक संरचनाको अभाव*

तेस्रो अन्तर्राष्ट्रिय को विघटनपश्चात विश्वभरका मार्क्सवादी-लेनिनवादी-माओवादी क्रान्तिकारी पार्टी एवं संगठनहरूलाई एक ठाउँमा ल्याउने अन्तर्राष्ट्रिय संरचनाको अनुपस्थिति रहेको छ । कमरेड माओले समेत आफ्नो जीवनकालमा एउटा अन्तर्राष्ट्रिय मन्च निर्माण गर्ने दिशामा अगाडि बढ्न सक्नु भएन ।

त्यस प्रकारको एउटा साझा अन्तर ाष्ट्रिय मन्चको अभावले गर्दा मित्र एवं भातृ पार्टीहरूका बीचमा ऐक्यवद्धता निर्माण गर्नुका साथसाथै तिनीहरूका बीचमा विचार एवं अनुभवहरूको आदान-प्रदान गर्ने काममा कमी रहन गएको छ । त्यसकारण तत्प्रयोजनका लागि एउटा सांगठनिक संरचना निर्माण गर्नु नितान्त आवश्यक र समयको माग रहेको छ ।

त्यसै गरेर साझा कार्यक्रम र नाराहरूमा आधारित भएर विश्वव्यापी रूपमा उत्पीड़ित जनता र राष्ट्रहरूका पक्षमा संयुक्त संघर्ष र आन्दोलन सञ्चालन गर्न सहकार्य निर्माण गर्नमा कमजोरी रहेको छ । क्रान्तिकारी अन्तर ाष्ट्रियतावादी आन्दोलन (रिम) को स्थापना एउटा अन्तर्राष्ट्रिय मन्चका रूपमा एक प्रयास रहेको थियो । तर, रिमको कमिटी (कोरिम) मा रहेका कतिपय पार्टीका कतिपय नेताहरूमा रहेको गलत नीति एवं प्रवृत्तिहरूका कारणले गर्दा त्यसले स्वयंलाई कायम राख्न सफल हुन सकेन र त्यो अहिले लगभग अस्तित्व विहान हुन पुगेको छ ।

*निष्कर्ष*

कम्युनिस्ट आन्दोलनले डेढ शताब्दीभन्दा लामो इतिहास पार गरेर आइसकेको छ, र, यस समयावधिमा हामीले अनेकौ युगान्तकारी परिघटनाहरू देखेका, अनुभव गरेका र त्यसबाट गुज्रेका छौं । यी सम्पूर्ण परिघटनाहरूको पृष्ठभूमिमा, आन्दोलन अघि बढ्ने क्रममा कहाँ र कसरी सफलताहरू हासिल भएका छन् र गल्ती एवं कमजोरीहरू हुन गएका छन् भन्ने कुराहरूतर्फ हामीले हेर्नै पर्दछ ।

यस घडीमा, यद्यपि कम्युनिस्ट आन्दोलन एउटा विश्वव्यापी परिघटना भैसकेको छ र कम्युनिस्ट पार्टीहरू विश्वभरका धेरै देशहरूमा अस्तित्वमा रहेका छन् (यो तथ्य सर्वविदितै छ कि एउटै देशभित्र पनि एकभन्दा बढी कम्युनिस्ट पार्टीहरू अस्तित्वमा रहेका र कृयाशील रहेका छन्) र गतिविधिहरू सञ्चालन गरिहरेका छन्, तथापि तिनीहरूले कुनै विजयोन्मुख क्रान्तिको नेतृत्व गरिरहन सक्षम भएका छैनन् ।

हामीले मार्क्सवादी-लेनिनवादी-माओवादी क्रान्तिकारी पार्टीहरूका बीचमा मैत्रीपूर्ण र भ्रातृत्वपूर्ण सम्बन्धमा कायम राख्न प्रयत्नशील रहनु पर्दछ र त्यसरी विश्व क्रान्तिका निम्ति सिद्धान्तनिष्ठ एकता निर्माणमा अगाडि बढ्नु पर्दछ । हामीले यो उद्देश्यलाई सफल पार्नका लागि केही हदसम्म परिश्रम गरेका छौं । अब हाम्रो अत्यावश्यक कर्तव्य भनेको सबै प्रकारका ग़ैरक्रान्तिकारी विचार र चिन्तनापेक्षी विरुद्ध संघर्ष गर्नका लागि सैद्धान्तिक र सांगठनिक दुवै क्षेत्रमा सम्बन्धलाई मजबुत पारेर अगाडि बढ्नु हो ।

साथसाथै हामी दैनिन्दिन विश्व मामिलाहरूका सम्बन्धमा पनि जागरुक हुनै पर्दछ र ती मामिलाहरूका बारेमा हाम्रा धारणाहरू अभिव्यक्त गर्नै पर्दछ । त्यसैगरि हामीले आगामी दिनहरूमा सही मार्ग तय गर्नका निम्ति कम्युनिस्ट आन्दोलनको इतिहासमा भएका सफलता र विफलताहरूको भूतपरीक्षण र आत्मपरीक्षण दुवै गर्नका लागि सैद्धान्तिक छलफलको पहल गर्नै पर्दछ ता कि एउटा साझा अन्तर्राष्ट्रिय मञ्च एवं संगठन निर्माणार्थ उपयुक्त अवस्था उत्पन्न हुन सक्ने छ ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# अविश्रान्त योद्धा श्रीनाथ अधिकारी



❑ सुवाषचन्द्र देवकोटा ❑

श्रीनाथ अधिकारी अब हामीबीच रहेनन् । २२ असार २०७६ मा भएको उनको असामयिक निधनले नेपाली कम्युनिस्ट आन्दोलनलाई अपूरणीय क्षति पुगेको छ । अविश्रान्त योद्धाले चार दशक लामो राजनीतिक जीवनबाट सदाका लागि विश्राम लिए । तर, उनको योगदानको नेपाली राजनीतिक इतिहासले कहिल्यै बिर्सनेछैन ।वास्तवमा अधिकारी स्पातले बनेका मान्छे थिए । आँधीहुरीले ढाल्न नसक्ने सतिसाल थिए । त्यसैले, उनी पञ्चायतकालदेखि जनयुद्धको आँधीबेहरीमा समेत सतिसाल भएर उभिइरहे । दुःखसुखका साथी बनेर जनताका घरआँगनमा आस्थाको दियो बालिरहे ।


अधिकारी १२ साउन २०१२ मा गोरखा 'लौंसीबोट' गाउँमा जन्मिए । गोरखाकै नामी स्कुल अमरज्योति, लुइँटेलबाट २०३० मा हाइस्कुलसम्म अध्यायन सके । त्यसपछि ललितपुर पुल्चोकस्थित इन्जिनियरिङ क्याम्पसमा पढे । सरल र सहृदयी स्वभावकै कारण उनी सहपाठीका बीच लोकप्रिय रहेको सहपाठी उमाकान्त देवकोटा बताउँछन् ।

इन्जिनियरिङ क्याम्पस अध्ययन थालेपछि २०३२ तिर नै मार्क्सवादी विचारतिर लहसिएका श्रीनाथ कम्युनिस्ट पार्टीका संस्थापक सदस्य नरबहादुर कर्माचार्य र पाटनका तत्कालीन लोकप्रिय कम्युनिस्ट नेता दिलबहादुर श्रेष्ठहरूको संगतमा पुगे । उनलाई यस्तो संगतको चाँजो मिलाउने काम साहित्यकार डीआर पौडेल गरेका थिए । नेताको निरन्तर संगतले उनमा नेपाली कम्युनिस्ट आन्दोलन र यसका सैद्धान्तिक राजनीतिक अवधारणा बुझ्न सहयोग पुग्यो ।

अध्ययन सकेर जागिरका क्रममा चितवन पुगेका श्रीनाथको कम्युनिस्ट संगत घनीभूत भयो, जसका कारण उनमा मार्क्सवादी राजनीतिक चेतना ह्वात्तै बढ्यो । अनि, डीआर पौडेलकै सहयोगमा २०३४ सालमा तत्कालीन नेकपा (चौथो महाधिवेशन) सदस्य बने । त्यसपछि मार्क्सवादी विचार उनको जीवनको धरोहर बन्यो । राजनीति यात्राका अनगिन्ती अवरोध पन्छाउँदै, सत्ताको स्वेत आतंक र मृत्युका धम्की छिचोल्दै उनी निरन्तर जनताका घरआँगनमा विद्रोहको दरौंदी भएर सुसाइरहे । मनासलु हिमालजस्तै चुलिएर उठिरहे ।

२०३६ सालको राजनीतिक आन्दोलपछि भने हुदाँखादाको जागिर छाडेर पूर्णकालीन राजनीतिक कार्यकर्ताका रूपमा गोराखामा फर्किए । त्यसताका उनको गाउँमा कांग्रेसको बोलवाला थियो । श्रीनाथ गाउँका एक्ला कम्युनिस्ट थिए । विपक्षीले प्रहरी प्रशासन लगाएर पटकपटक उनका घरपरिवालाई दुःख दिए । तर, राजनीतिक समरमा कुदेका श्रीनाथ एकलव्यजस्तै यात्रामा डटिरहे । जीवनपर्यन्त कम्युनिस्ट आन्दोलनको मसाल जलाइरहे । जनता र राष्ट्रमा समर्पित उनका लागि जीवनको उकालीओराली र दुःखसुखको साथी नै राजनीति बन्यो ।

निष्ठा, इमानदार र स्वाभिमान नै श्रीनाथको राजनीतिक परिचय र व्यक्तित्व थियो । त्यसैले, सत्ता र शक्तिको लालचले उनलाई कहिल्यै गाल्न सकेन । उनी सरल, नम्र र मिलनसार थिए । विचार र इरादाका नहल्लिने कोसेढुंगो थिए । आफ्नो आस्थाका लागि मर्न नडराउने उनको जब्बर स्वभावले पञ्चायती कालरात्रि र जनयुद्धको ज्वालामुखीमा समेत हिमालजस्तै शिर ठाडो पारेर उभिइरहे । जनताका पक्षमा शंखघोष गरिरहे ।



मृत्यु जीवनको सत्य हो भन्ने श्रीनाथले बुझेका थिए । तसर्थ, बाँचुन्जेल विभेद, अन्याय र अत्याचार पक्षमा आवाज उठाउनु, लड्नु र भिड्नु नै जीवनको सार्थकता हो भन्ने उनको निर्क्यौल थियो । हुन पनि उनी जीवनको अन्त्यसम्म आफूले रोजेकै बाटो हिँडे । आफैंले खनेको बाटो हिँडे र उनकै शब्दमा 'जति बाँचे, सार्थक जीवन बाँचेर मरे ।'

श्रीनाथको सम्पूर्ण राजनीति इमान थियो । लोभलालच थिएन । उनको राजनीति नाफानोक्सानको व्यापार थिएन । कुनै पद रप्रतिष्ठा लागि लेनदेन विषय पनि थिएन । त्यसैले, राजनीति शुद्धीकरण गर्न राजनीति व्यापारीको माखे साङ्लो तोड्नुपर्छ भनेर उनी बरोबर भन्ने गर्दथे । इमानजमानका पक्का शिखर थिए उनी । श्रीनाथ कम्युनिस्ट आन्दोलनको जगैबाट माथि उठेका अगुवा नेता थिए । मर्क्सवाद, लेनिनवाद र माओवाद उनको मार्गदर्शक सिद्धान्त थियो । साँचै भन्ने हो भने उनी जनयुद्धबाट खारिएका असली कम्युनिस्ट हीरा थिए ।

इन्जिनियरिङ क्याम्पसमा अध्ययन गर्न थालेपछि २०३२ तिर नै मार्क्सवादी विचारतिर लहसिएका श्रीनाथ कम्युनिस्ट पार्टीका संस्थापक सदस्य नरबहादुर कर्माचार्य र पाटनका तत्कालीन लोकप्रिय कम्युनिस्ट नेता दिलबहादुर श्रेष्ठहरूको संगतमा पुगे । उनलाई यस्तो संगतको चाँजो मिलाउने काम साहित्यकार डीआर पौडेलले गरेका थिए

कम्युनिस्ट अभियान विभेदविरुद्धको अभियान हो । सामाजिक, सांस्कृतिक, राजनीतिक चेतना र विकासको अगुवाइ गर्नुपर्दछ भनेर श्रीनाथ बारम्बार भन्ने गर्दथे । यसका लागि उनले जीवनका सबै ऊर्जा उपयोग पनि गरे । तर, विडम्बना, नेपालको कम्युनिस्ट आन्दोलनका अगुवा विशेष गरी माओवादी आन्दोलन पटकपटक आफैंले स्थापित गरेका मान्यता र गन्तव्यबाट भट्किँदा भने उनको मन कटक्क खाएको थियो ।

हजारौं शहीदको रक्तकुण्डको गर्भबाट माथि उठेको माओवादी आन्दोलन विशृंखलित हुँदै गएको देखेर निश्चय नै उनी खुसी थिएनन् । तर, पनि उनले कहिल्यै हरेस खाएनन् । जनक्रान्तिको अजम्बरी गीत गाउन कहिल्यै छोडेनन् । कम्युनिस्ट आन्दोलनको उज्ज्वल सपना देखिनै रहे । प्रचारभन्दा कामको राजनीति रुचाउँथे श्रीनाथ अधिकारी ।

आफैंले प्रशिक्षित गरेका कैयन नेता-कार्यकर्ता सत्ता शिखरमा भागदौड गरिरहँदा उनी भने गाउँघरकै भेटघाट र प्रशिक्षणमा रमाउँथे । सँगैका साथीभाइ सहरमा घरघडेरी खोजीमा भौतारिइरहँदा उनी भने आफ्नै गाउँघरमा कुटोकोदालो खेलाइरहेका हुन्थे ।

कयौं नेपाली राजनीतिज्ञ र तिनीहरूका आफन्त सामान्य रुघाखोकी लाग्दासमेत राष्ट्रको ढुकुटी खर्चेर महँगा विदेशी अस्पतालमा जाने गरेको यथार्थ उनलाई थाहा थियो । तर, क्यान्सर र चरम आर्थिक अभाव हुँदासमेत उनले कसैसँग गुनासो गरेनन् । सहयोगका लागि हात जोडेनन् ।

'जनताको मान्छे म जनताकै सहयोगमा बाँच्न र मर्न चाहन्छु' भनेर उनले दुई महिनाअघिको भेटमा भनेको आज पनि स्मरणीय छ । मृत्युको नियतिसँग श्रीनाथ कहिल्यै डराएनन् ।

पञ्चायतकालीन कालरात्रिमा कयौं दिन सँगै हिँडेका थियौं । उनको सामीप्य सधैं प्रिय थियो । एक हिसाबले उनी व्यावहारिक यथार्थवादी नेता थिए । पञ्चायती र गुप्तचरको आँखा छल्दै गोरखा भच्याकको उकालो चड्दा विख्यात क्रान्तिकारी चेग्वाराको नाम पहिलोपटक उनकै मुखबाट सुनेको थिएँ । 'विचारले मान्छेको चरित्र व्यवहार बन्छ' भनेर उनले भनेको आज पनि झलझली सम्झिरहेको छु ।

उनी भविष्यप्रति आश्वस्त थिए । माओवादप्रति इमानदार थिए । त्यसैले, उनी नयाँ पुस्तामाथि गर्व गर्दथे । यथार्थमा थकाइ निराशाबाट मुक्त उनी अविश्रान्त यात्री थिए । स्वाभिमान र आस्थाका अजंग पहाड थिए । अजम्बरी सपनाका नायक थिए । त्यसैले, उनी सम्पूर्ण श्रमजीवी जनताको धरोहर हुन् ।

एउटा अविश्रान्त योद्धाको शरीर सदाका लागि ढलेको छ । असामयिक निधनले नेपाली कम्युनिस्ट आन्दोलनलाई अपूरणीय क्षति पुऱ्याएको छ । तर, उनको अजम्बरी सपना मरेको छैन । सुख, सुविधा, भोगविलासको लालसाभन्दा माथि उठेको उनको चेतना र जीवनशैली अनि जनता र राष्ट्रप्रति समर्पित जीवन सदा स्मरणीय र पथ प्रदर्शन गरिरहनेछ ।

*- राजधानी दैनिकबाट*

# जनयुद्ध आँखामा छचल्किएको त्यो दुःखद् क्षण



धनमाया निरौला 'अनु'

असार १ गते २०७६ सालमा ४७ वर्षको उमेरमा मेरो दाई नर ब. निरौलालाई अल्पायुमै गुमाउनु पऱ्यो । राजनीतिक समाजिक रूपमा सक्रिय मेरो दाइ आफ्नो गाउँमा सबैको अगुवा अर्थात् अभिभावकको रूपमा रहनु भएको थियो । विकास निर्माणदेखि शिक्षा तथा स्वास्थ्य क्षेत्रमा उहाँको सक्रिय रूपमा उहाँले भूमिका खेल्नु भएको थियो । उहाँको निधनपश्चात् स्थानीय जनताहरूको उपस्थिति, सहानुभूति र श्रद्धासुमनलाई हेर्दा स्थानीय स्तरमा एउटा राम्रो उदीयमान नेता गुमाएको अनुभूति हुनपुग्यो ।


जनयुद्ध एकपछि अर्को सफलतासँगै अगाडि बढिरहेको थियो । जनयुद्धको राप र ताप हाम्रो घरसम्म पनि आईसकेको थियो । माओवादी नेता कार्यकर्ताहरूको आउजाउ, उठबस र छलफलले हाम्रो परिवारलाई पनि माओवादी बनाउँदै लगेको थियो र परिवारबाट राजनीतिमा अलिक बढी चासो राख्ने र सामाजिक काममा हरेक हिसाबले अग्रसर हुने यिनै माइला दाइ (नर ब. निरौला) जनयुद्धमा पूर्णकालीन हुने स्थिति बन्दै थियो । दाइ पार्टीमा पूर्णकालीन हुने स्थिति थाहा पाएपछि मैले दाइलाई रोक्न खोजे किनकि दाइ परिवारको अभिभावकको भूमिकामा हुनुहुन्थ्यो । जनयुद्धमा लागेर तलमाथि हुँदा परिवार अभिभावकबिहीन हुने, भाउजुको सिउँदोको सिन्दूर पुछिने र गर्भमा रहेको बच्चा टुहुरो हुने स्थितिको आँकलन गरियो । दाइलाई रोकी म परिवारको तर्फबाट जनयुद्धमा होमिने निर्णय गरे र २०६९ साल ५ महिना ११ गते मुक्ति या मृत्युको कसम खाँदै जनयुद्धमा होमिन पुगेँ ।

१६ गते दशैंको फुलपाती थियो ११ गते बुबाआमाले थाहै नदिई यसरी पार्टीमा हिडेको थाहा पाएपछि धेरै रोइकराई गर्नुभएछ । धेरै महिनासम्म रातभरी समेत टुकी बालेर मेरो बाटो हेर्नुभएछ तर म भने बुबाआमाको माया नाता-सम्बन्ध भन्दा पनि वर्गीय नाता र सम्बन्ध ठूलो हुन्छ, महान् हुन्छ भन्दै पार्टी र क्रान्तिले सुम्पेको जिम्मेवारी बहन गर्दै अगाडि बढिरहेँ । बाबा-आमाकी एक्ली छोरी, दाजुभाइकी एक्ली चेली दशैंतिहारमा परिवारले मलाई कति सम्झे, कति दुःख मनाउ गरे, त्यसको अनुभूति मलाई एक छेउ पनि भएन । किन कि, त्यसबेला मेरा लागि विचार प्रधान थियो भावना गौण, आवश्यकता प्रधान थियो इच्छा गौण ।

समय दिन, महिना, वर्षहुँदै बित्दै गयो । वर्ग दुश्मनका हत्या र दमनका श्रृङ्खला बढ्दै गए । हाम्रा प्रतिरोधहरू पनि तीव्र बन्दै गए । आँखै अगाडी एउटै थालमा खाएका, एउटै ओछ्यान सुतेका धेरै प्रिय सहयोद्धाहरू ढले । युद्धका भयावह दृश्यहरूसँग दैनिक जस्तो मुकाविला भइरहन्थ्यो । कैयौं पटक मृत्युलाई नजिकबाट साक्षात्कार गर्दै वर्ग दुश्मनका बम र बारुदसँग लुकामारी गर्दै नाफाको जिन्दगी बाच्न सफल भइयो ।

जनयुद्धले यस्तोसम्म एकोहोरो बनाएको थियो की एक्ली छोरी आफ्नो जीवनबारे ठूलो फैसला हुँदै थियो अर्थात् म वैवाहिक जीवनमा बाँधिदै थिएँ । जनयुद्ध शान्तिप्रक्रियामा प्रवेश गरिसकेको थियो । हामी भूमिगत अवस्थाबाट खुल्ला राजनीतिक जीवनमा आइसकेको थियौं । परिवारका सदस्यहरूसँगको भेटघाट र सम्पर्क सहज नै थियो । तर पनि हामीले वैवाहिक जीवनमा बाँधिदै गर्दा बुबाआमा तथा परिवारका सदस्यहरूको उपस्थितिलाई आवश्यक ठानेनौं । हाम्रा लागि सबथोक थियो- यही पार्टी अनि क्रान्ति । वैवाहिक जीवनमा बाँधिएपछि पनि हामीले परिवारका, आफन्त, नातेदारहरूका थुप्रै इच्छा र अपेक्षाहरूलाई बेवास्ता मात्रै गरेनौं लत्यायौं पनि । यहाँसम्म कि हामीले दशैको टिका बहिस्कार गऱ्यौं । पुराना सबै रीतिरिवाज, परम्परा, मूल्यमान्यताका विरुद्ध विद्रोह गरिराख्यौं । जनयुद्ध लडेर आएको ठूलो पंक्ति पुरानै समाज, संस्कृति, परम्परामा फर्किसक्दा पनि हामीले त्यसका विरुद्ध संघर्ष गरिराख्यौं । हिजो सँगै लडेका साथीहरूले पुरानो सामन्ती तथा पुँजीवादी संस्कार, संस्कृति, मूल्य मान्यता र परम्परा अँगाल्दै गर्दा आज फेरि हामी 'समाजका जोकर फाल्टु' जस्तो बन्नु परिरहेको छ ।

नेतृत्वले दिएको धोका र गद्दारीका कारण जनयुद्धका उपलब्धिहरू सबै गुम्न पुगे । जनयुद्धमार्फत् स्थापित मूल्य, मान्यता, आदर्श र आचरण सबै धराशायी बने । हेर्दा हेर्दै इतिहासकै शक्तिशाली पार्टी टुट, फुट र विभाजनबाट गुज्रन पुग्यो । सँगै जनयुद्ध लडेका नेता कार्यकर्ताहरू विभिन्न वैचारिक तथा राजनीति धारामा विभाजित हुन पुगे । रणनीतिक प्रत्याक्रमणमा पुगेको जनयुद्धले सेटब्याक खाएपछि आज माओवादी आन्दोलन रक्षात्मक अवस्थामा आइपुगेको छ । आज आइपुग्दा हामीसँग जनयुद्धका उपलब्धिहरू बाँकी रहे, न त मेरा बुबा आमा । हुँदा हुँदा मलाई राजनीतिक रूपले बुझ्न सक्ने र हाम्रो विचार र आस्थालाई सम्मान गर्न सक्ने अनि औधी माया गर्ने तिनै दाजु (माइला दाइ)लाई पनि मैले गुमाउन पुगेको छु । यसले मलाई भावनात्मक रूपमा गहिरो चोट दिएको छ । विगत आँखामा छचल्किन पुगेको छ । र, भावना प्रवल बनेर प्रकट भएको छ । मलाई भने फेरि भावनालाई विचारले जितोस् भन्ने लागिरहेको छ । क्रान्तिकारीसँग क्रान्तिकारी आशावाद नै शक्तिशाली हतियार हुँदो रहेछ । शोकलाई शक्तिमा बदलेर अगाडि बढ्नु पर्दोरहेछ । बाँचुञ्जेल खेलेको भूमिका अनुसार मानिसहरूको मृत्युको तौल पनि फरक फरक हुँदो रहेछ ।



आलोपालो

# गुठी बिधेयकको अन्तर्य र मुक्तिको बाटो



● शिवराम सुलु ●

गुठी बिधेयक, २०७५ बारे धैरै चर्चा चले पनि यथार्थ जानकारी दिने र सही बिश्लेषण गर्ने वा समाधानको बाटो पहिल्याउने भन्दा पनि आफ्नो अनुकुल ब्याख्या गर्ने र बहकाउ र राज गर (divert and rule) भने जस्तै बहस बहकाएर आफ्नो स्वार्थसिद्ध गर्ने खतरा देखिएकोले यहाँ केही प्रस्ट पार्न खोजिएको छ ।

**किन गुठी बिधेयकको बिरोधमा उर्लिए नेवारहरू ?**

*(१) काठमाडौं उपत्यका भित्रकै गुठीहरूको प्रकृती फरक, उपत्यका भित्र र बाहिरको गुठीको प्रकृती झन फरक*

काठमाडौं उपत्यकाभित्रकै गुठीहरूको प्रकृती फरक छ । उपत्यकाभित्र र र बाहिरको गुठीको प्रकृति, भावना र परिस्थिति झन फरक छ । अधिकांश नेवारहरूले बुझ्ने गुठी भनेको सि(मुर्दा) गुठी, दाफा भजन गुठीलगायत निजी गुठी हो । अधिकांश निजी गुठीको सम्पती व्यक्तिको नाममै हुन्छ । निजी गुठीमा सामूहिक विचारले चल्छ । सरकारले निजी गुठीलाई पनि सरकारी बनाउन खोजेकोमा नेवारहरू सशंकित बनेका हुन् । पशुपति गुठी, तलेजु गुठीलगायत राजगुठी या सरकारी गुठीको जग्गामा जग्गा धनीमा गुठीको नाम र मोहीमा व्यक्तिको नाम हुन्छ । यी गुठीका जग्गा पनि जनताकै जग्गा लिएर बनाएको भए पनि यिनीहरूसँग जनताको भावना जोडिसकिएको छ । नेवारहरू गुठीलाई बैधानिकता भन्दापनि परम्पराको रूपमा बुझ्ने गरिन्छ नेवार समुदायमा ।

सरकारले सबै गुठीलाई एकै दालोमा राख्नु र सोलोडोलो ढंगले बुझ्नु र व्यवहार गर्नु नै सरकारको कमजोरी भयो । नेवारहरूले उपत्यकाको कतिपय गुठी परोपकारी भावनावाट उत्प्रेरित भएर सुरु भएको देखिन्छ भने बाहिरको गुठी किसानलाई शोषणका हेतु सुरु भएको देखिन्छ । उपत्यकाको गुठी लिच्छबीकाल भन्दा पहिलादेखि चलीआएको देखिन्छ भने उपत्यका बाहिरको गुठी राणाकालपछि मात्र सुरु भएको देखिन्छ । उपत्यकाको निजी गुठीमा सामुहिक निर्णय हुने समाजिकिकरणको भ्रूण देखिन्छ भने बाहिरको गुठीमा सामन्ती संस्कार छ । उपत्यकाको कतिपय गुठी राजा महाराजा भन्दा पनि जनस्तरवाट भएको देखिन्छ भने बाहिर राजा महाराजाहरूले सुरु गरेको देखिन्छ । हुन त जग्गाहरू सबै किसानकै भए पनि उपत्यकाको गुठी समृद्धिको घोतक हो भने उपत्यका बाहिरको सामन्ती प्रथाको प्रतिक हो भन्ने नेवारहरूको मत छ । सबभन्दा फरक र महत्वपूर्ण कुरा उपत्यका आप्रवासनको ठुलो मारमा छ । गुठी जग्गा रैतानी र किनबेच गर्न मिल्यो भने उपत्यकामा आप्रवासनको समस्या बढ्छ । यो बिगतको तितो अनुभव पनि हो ।

*(२) गुठी जग्गा किनबेच र रैतानिले उपत्यकामा आप्रबास बढ्ने र वातावरण बिग्रने*

गुठिको जग्गा किनबेच गर्न दिएपछि काठमाडौंमा बस्ती बढ्ने र आप्रवासनले गर्दा काठमाडौंमा अव्यवस्थित बसोवास र पर्यावरणमा समेत प्रतिकुल असार पर्ने स्पस्ट छ । यसले यहाँको प्राकृतिक स्वरूप कुरूप बन्ने मात्र होइन सांस्कृतिक क्षेत्र पनि मासिने निस्चित छ । गोर्खाअ राज्यविस्तार भन्दाअ पहिहले ९७५ नेवारहरू भएको भनिएको काठमाडौं उपत्यकामा अहिले आदिवासी नेवारहरू अल्पमतमा पेरिसकेका छन् । बिभिन्न सरकारी कार्यालय, दरबार, विद्यालय, विश्वविद्यालय, पार्क को नाममा नेवार भूमि लुटिएको इतिहास छ र राज्यसत्ताको दुरूपयोग गरेर ब्रह्मलुट मचाए जसरी पनि काठमाडौंमा घर जोड्ने प्रबृतिले नि नेवारहरू आजित भैसकेका छन् । र गुठीको जग्गा रैतानि गर्न दिइयो वा किनबेच गर्न दिइयो भने उपत्यकामा आप्रवासन झन बढ्छ, नेवारहरू झन अल्पमतमा पर्छ, नेवारहरूको भूमि मेटिए पछी नेवारहरू यहाँको आदिवासी हो भन्ने प्रमाणै मेटिन्छ भन्ने प्रती नेवारहरूको बिरोध हो ।

*(३)गुठी जग्गा बेचेर आएको रकम सरकार ले दुरूपयोग गर्न सक्ने*

देश म अहिले लाखौ रोपनी गुठीको जग्गा छ । त्यो सबै रैतानी गरे भने अरबौ रूपैया पैसा उठ्छ । जग्गा बेचेर सरकारले अकुट सम्पती थुपार्ने र त्यही पैसाले फेरि चुनव जित्ने खतर पनि छ । त्यस्तै नयाँ मोही खडा गर्ने नाममा नक्कली मोही खडा गरेर कार्यकर्ता पोस्ने या शक्तिको दुरूपयोग गर्न सक्ने खतरा बिगतको नजिरले प्रस्ट पार्छ ।

*(४) जग्गा बेचेर आएको पैसाअले गुठी नचल्ने*

२०३२ सालामा भक्तपुरको एउटा निजी गुठीको १ रोपनी जग्गा बचेछ । रोपनीको रु ३००० मा । ब्याजले गुठी चलाउने उद्देश्यले । अहिले त्यो पसैको बर्षेनी व्याज रु २०० आउँछ जब त्यो जग्गाको मूल्य १ करोड ६० लाख छ । बेचेको जग्गाको व्याजले संस्कृति पनि चलेन सम्पती पनि नास भयो । अहिले सरकारले जग्गा बेचेको पैसाले संस्कृति चलाउँछु भन्नु पनि यस्तै आत्मघाती काम हो ।

*(५) सुना बेचेर फलाम किन्नु कुनै पुरुषार्थ या पौरख होइन*

बिगतमा पनि गुठी जग्गा रैतानी गर्ने र त्यो जग्गा बेचेर गाडी किन्ने या बिलासिता जीवन विताउने चलन देखियो । यसले नेवारहरूको सम्पती र सामर्थ्य मात्र नास गर्यो । यो त सुनको पाटा बेचेर फलामको ...बाँकी ४ पेजमा

# पोखरामा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न



पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) गण्डकी प्रदेशको आयोजनामा नेता श्रीनाथ अधिकारी 'श्याम'को श्रद्धाञ्जली सभा आइतबार पोखरामा सम्पन्न भएको छ ।

पार्टीका स्थायी समितिका सदस्य सीपी गजुरेल गौरवको प्रमुख आतिथ्यतामा सम्पन्न श्रद्धाञ्जलीसभाको अध्यक्षता नेता चन्द्रहरि सुवेदी र सञ्चालन नेता केशबहादर परियारले गरेका थिए । कार्यक्रममा अधिकारीकी जीवनसाथी राधिका अधिकारी, जेठो छोरा तथा पार्टी केस नारायण अधिकारी, छोरा उज्वल अधिकारी, बुहारीहरू शुशिला थापा अधिकारी, शान्ती अधिकारी लगायतको उपस्थिति रहेको श्रद्धाञ्जली कार्यक्रममा प्रमुख अतिथि सीपी गजुरेल, छोरा नारायण अधिकारी, प्रदेशका कानुनमन्त्री हरिबहादुर चुमान, नेकपाका झलकपाणि तिवारी, राष्ट्रिय जनमोर्चाका शंकर बराल, मालेका टेकनाथा भण्डारी, समाजवादी पार्टी नेपालका टिकाराम पौडेल, साँस्कृतिक रूपान्तरण अभियानका पूर्ण गिरी, वामपन्थी नेता टेकनाथ बराल लगायतका नेताहरूले श्रद्धाञ्जली मन्तव्य राखेका थिए भने वामपन्थी नेता भक्ति लामिछानेले नेता अधिकारीको जीवनीवृतबारे चर्चा गरेका थिए । कार्यक्रममा प्राध्यापक, साहित्यकार, कलाकार लगायत क्रान्तिकारी माओवादी लगायत अन्य वामपन्थी पार्टीका नेता कार्यकर्ताहरूको समेत बाक्लो उपस्थिति रहेको थियो ।

# क्रान्तिकारी पत्रकार महासंघबाट जैसी निस्कासित

काठमाडौं । संगठनका विरुद्ध विधान विपरीत कार्य गरेको भन्दै क्रान्तिकारी पत्रकार महासंघले संगठनका केस लोकराज जैसीलाई साधारण सदस्य समेत नरहने गरी निस्कासित गरेको छ ।

महासंघका महासचिव रामकुमार श्रेष्ठले एक वक्तव्य जारी गरी एउटा क्रान्तिकारी, परिवर्तनको पक्षमा आवाज उठाउने पत्रकारहरूको साझा संस्थाको विरुद्ध अनर्गल प्रचारप्रसार गर्ने, भ्रम सिर्जना गर्ने, संगठनका विरुद्ध गुटबन्दी गर्ने तथा संगठनको विधान विपरीत गएर कार्य गर्ने गरेको पाइएकोले क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सदस्य लोकराज जैसीलाई आजकै मितिदेखि संगठनको साधारण सदस्य समेत नरहने गरी निष्कासन गरिएको जनाएका छन् ।

# अन्तर्वार्तामा आएका विषयबारे स्पष्ट गरिएको सम्बन्धमा

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को १२-१७ असारमा सम्पन्न केन्द्रीय समितिको बैठकले गरेका निर्णयहरूको विषयमा केन्द्रीत रही गरिएको अनौपचारिक कुराकानीलाई अन्तर्वार्ताको रूपमा जनमेलले प्रकाशित गरेपछि पार्टीपंक्ति तथा जनपंक्तिमा भ्रम उत्पन्न भएको र त्यसबाट नकारात्मक असर पर्न गएकोले त्यस विषयमा स्पष्ट पार्न आवश्यक देखिएको भन्दै क्रान्तिकारी माओवादीका प्रवक्ता तथा स्थायी समिति सदस्य प्रतीकले 'स्पष्ट गरिएको बारे' शीर्षकमा जनमेल डटकमका सम्पादकलाई सम्बोधन गर्दै एक पत्र प्रेषित गरेका छन् ।

२५ असारमा प्रेषित गरिएको पत्रको अन्त्यमा भनिएको छ, 'बरालजीले मसँग गरेको अनौपचारिक कुराकानी यस प्रकार अन्तर्वार्ताको रूपमा प्रकाशन भएर पर्न गएको भ्रमप्रति मैले नैतिक कमजोरीको रूपमा लिएको छु । यसले मलाई थप गम्भीर बनाएको छ ।'

***यस्तो छ जनमेललाई प्रषित पत्रको पूर्ण अंश***

## स्पष्ट गरिएको बारे

श्री सम्पादक ज्यू,

हालै जनमेल अनलाइन सम्बद्ध श्री ऋषिराज बरालजीले मसँग भएका अनौपचारिक कुराकानीलाई अन्तर्वार्ताको रूपमा सोही अनलाइनमा प्रकाशित गरिएको रहेछ । उहाँले अन्य कतिपय कमरेडहरूसँग पार्टी केन्द्रीय समिति बैठकको विषयमा कुराकानी भएको कुरा समेत जानकारी गराउँदै मसँग केही प्रसंग अगाडि बढाउनु भएको थियो । मेरो बरालजीसँग भएको कतिपय कुराकानीलाई अन्तर्वार्ताले ठिक ढंगले समेट्न नसकेको र कतिपय विषयवस्तु फरक परेकाले यसमा मेरो ध्यान आकर्षण भएको छ । त्यसबाट पार्टीका नेता कार्यकर्ता र पाठकहरूमा पर्न सक्ने नकारात्मक असरलाई स्पष्ट गर्न थप आवश्यक देखिन गएको छ ।

हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) केसको पूर्ण बैठक २०७६ असार १२ देखि १७ गतेसम्म बसी सम्पन्न भैसकेको र त्यसका निर्णयहरू प्रेस विज्ञप्तिमार्फत् सार्वजनिक पनि भैसकेका छन् । यसै सन्दर्भमा पार्टीले निश्चित विधि र मान्यता निर्धारण गरी केन्द्रीय समिति सदस्य र राजनीतिक व्यूरोमा थप गर्न निश्चित संख्या मात्र तोकिएकोले त्यसमा अपेक्षित सबै कमरेडहरू अटाउन सक्ने कुरा भएन । जे जति थप गरिए र बाँकी पुर्न भएन- त्यस विषयमा सक्षम/असक्षम आदि भन्ने बारे मैले कोही कसैको टिका टिप्पणी वाअन्य केही उच्चारणसम्म गरेको थिइनँ ।

यसै प्रसंगमा पार्टी सम्बद्ध पत्र पत्रिकाप्रकाशनलाई व्यवस्थित र स्तरीय बनाउन आवश्यक छलफल भैरहेकोले छलफल/बहसबाट निष्कर्ष स्वरूप आएका विषय वस्तुलाई समेटी आवश्यक थपघटगरी पत्रिका व्यवस्थित र सुदृढ गर्ने भनिएको थियो । वैकल्पिक पीवी थपको प्रसंग र यस विषयबारे अन्तर्वार्तामा अन्यथा भएको हुँदा सोही अनुरूप सच्याउन आग्रह गर्दछु ।

अन्त्यमा बरालजीले मसँग गरेको अनौपचारिक कुराकानी यस प्रकार अन्तर्वार्ताको रूपमा प्रकाशन भएर पर्न गएको भ्रमप्रति मैले नैतिक कमजोरीको रूपमा लिएको छु । यसले मलाई थप गम्भीर बनाएको छ ।

२०७६ असार २५ गते

....

प्रतीक
पार्टी प्रवक्ता तथा स्थायी समिति सदस्य
नेकपा (क्रान्तिकारी माओवादी)'


**पाल्पाको सदरमुकाम पाल्नुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत गर्दछौं। अत्याधुनिक सुविधा सम्पन्न खान र बस्नको लागि हामीलाई सम्झनुहोस् ।**



प्रोप्राइटर
राजु महर्जन

**होटल गौरीशंकर**

तानसेन पाल्पा

सम्पर्क नं. ०७५-५२०१५०, ९८५७०६००७६








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : कुपण्डोल, ललितपुर, **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।